'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २८१ ★ ने. सं. ११४६ कौला थ्व, षष्ठी ★ शनिबार ★ १४ कार्तिक, २०८३ ★ October 31, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहने सङ्कल्प पारित गर्दै चिकपाको पूर्ण बैठक सम्पन्न




पेइचिङ, अक्टोबर २९ (सिन्हुवा)। चिनियाँ कम्युनिस्ट पार्टी (चिकपा) को २० औँ केन्द्रीय समितिको सोमबारदेखि बिहीबारसम्म पेइचिङमा सम्पन्न पाँचौँ पूर्ण बैठकले पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहने प्रस्ताव पारित गरेको छ।

चिकपा केन्द्रीय समितिको राजनीतिक ब्युरोले बैठकको अध्यक्षता गरेको थियो। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव सी चिनफिङले महत्त्वपूर्ण सम्बोधन गर्नुभयो, बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ।

सत्रमा सहभागीहरूले सीले प्रस्तुत गरेको राजनीतिक ब्युरोको कामको प्रतिवेदन सुने र त्यसमाथि गहन छलफल गरे।

केन्द्रीय समितिका सदस्यहरूले पूर्ण र कठोर पार्टी स्वशासनका साथ लगनशीलतासम्बन्धी केही प्रमुख मुद्दाहरूमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको प्रस्तावलाई पनि विचार गरे र स्वीकार गरे। सीले प्रस्तावको मस्यौदामा व्याख्यात्मक टिप्पणी राख्नुभयो।

चिकपा केन्द्रीय समितिले समितिको चौथो पूर्ण बैठकदेखि राजनीतिक ब्युरोको कामलाई पूर्ण रूपमा पुष्टि गरेको छ, विज्ञप्तिमा भनिएको छ।

पार्टीको स्थापनादेखिको यात्रालाई फर्केर हेर्दा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले एकपछि अर्को विजय हासिल गर्नमा चिनियाँ कम्युनिस्टको उच्च आदर्शको खोजी, चिनियाँ राष्ट्रको दिगो महानता प्राप्त गर्नको लागि आफ्नो समर्पण र चिनियाँ जनताका लागि खुसी खोज्ने र चिनियाँ राष्ट्रका लागि पुनरुत्थान गर्ने प्रतिबद्धतामा रहेको कुरा औँल्यायो।

बैठकमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिले नयाँ युगमा पूर्ण र कठोर स्वशासनको अभ्यासमा पार्टीले हासिल गरेका महान् उपलब्धिहरूको उच्च सकारात्मक मूल्याङ्कन गरेको छ।

पार्टीले नयाँ युगमा पर्यवेक्षण, शासन, विकास र बलियो बनाउने प्रयास गरिरहेको अवस्थामा सी चिनफिङको केन्द्रबिन्दुमा रहेको चिकपा केन्द्रीय समितिले समयका प्रमुख प्रश्नहरूको जवाफमा नयाँ विचार, नयाँ सोच र नयाँ रणनीतिहरूको शृङ्खला अघि बढाएको छ - पार्टी निर्माणमा विचार कस्तो दीर्घकालीन शासन गर्ने भन्ने कुरालाई ध्यानमा राखेर मार्क्सवादी पार्टीको निर्माण गर्न चिकपालाई कसरी अगाडि बढाउनुपर्छ।

"पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउनका लागि अहिले धेरै अनुकूल परिस्थितिहरू छन् भन्ने कुरामा जोड दिइएको छ, जबकि हामीले यस प्रयासमा धेरै नयाँ परिस्थिति र नयाँ मुद्दाहरूको सामना गरिरहेका छौँ," विज्ञप्तिमा भनिएको छ।

विश्वव्यापी, राष्ट्रिय र पार्टी परिस्थितिमा भएका गहिरो परिवर्तनले चिनियाँ सार्वभौमसत्ता, सुरक्षा र विकास हितको रक्षा गर्न जनतालाई एकताबद्ध गर्ने र नेतृत्व गर्ने, सुधार र विकासको प्रवर्द्धन गर्न र सामाजिक सद्भाव र स्थायित्व कायम राख्ने एवम् यसको उन्नत प्रकृति र अखण्डता कायम राख्ने चिनियाँ कम्युनिस्ट पार्टीको कार्यलाई अझ शक्तिशाली बनाएको छ।

"पार्टीका मिसन र कार्यहरू पूरा गर्न समर्पित भएर हामीले नयाँ युगमा पार्टी निर्माणका लागि समग्र आवश्यकताअनुरूप काम गर्नुपर्दछ, पार्टीको संविधानलाई हाम्रो आधारभूत मार्गदर्शकको रूपमा लिनुपर्छ, पार्टीको अग्रगामी स्वभावलाई कायम राख्नुपर्छ र पार्टीको समग्र नेतृत्व र पार्टी केन्द्रीय समितिको केन्द्रीकृत, एकीकृत नेतृत्वलाई कायम राख्नुपर्छ," विज्ञप्तिमा भनिएको छ।

बैठकमा, पूर्ण र कठोर पार्टी स्वशासनका लागि दृढताका लागि मार्गदर्शक सिद्धान्तहरू निम्नानुसार उच्च महत्त्व प्रदान गरियो: पार्टीको मिसन र कार्यहरू सेवा गर्ने; पार्टीलाई राजनीतिक रूपमा बलियो बनाउने सर्वोच्च सिद्धान्तका रूपमा लिने; पार्टीका सबै तहमा कठोर शासन अभ्यास गर्दै समस्या उन्मुख दृष्टिकोण अपनाउने; आधारभूत सिद्धान्तहरूलाई समर्थन गर्दै र नयाँ आधार तोड्ने; शीर्षदेखि तलसम्म सही दृष्टिकोण पालन गर्दै पार्टीलाई नियमअनुसार चलाउने।

विज्ञप्तिमा भनिएको छ, बैठकमा पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहने व्यवस्थागत योजनाहरू पनि बनाइएको छ।

पूर्ण र कठोर पार्टी स्वशासन सुनिश्चित गर्ने चिकपाको प्रयासहरूमा पार्टी भावनालाई बलियो बनाउनु एउटा आधारभूत कार्य हो, विज्ञप्तिमा भनिएको छ।

प्रजातान्त्रिक केन्द्रीयता पार्टीको आधारभूत साङ्गठनिक सिद्धान्त र नेतृत्व प्रणाली हो, त्यसैले यसको कार्यान्वयन पूर्ण र कठोर पार्टी स्वशासनको अभ्यासका लागि अनिवार्य आवश्यकता हो, विज्ञप्तिमा थपिएको छ।

अधिकारीहरूको कडा व्यवस्थापन पूर्ण र कठोर पार्टी स्वशासनको कुञ्जी हो, विज्ञप्तिमा उल्लेख गरिएको छ।

*बाँकी पृष्ठ २ मा*

## भक्तपुरमा कार्तिक २२ गते लक्ष्मी पूजा, २३ गते म्हः पूजा र २४ गते किजा पूजा गर्ने



भक्तपुर, १३ कार्तिक। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा यस वर्षको स्वन्ति नखः तिहार २०८३ मनाउने विषयमा भक्तपुर तलेजुका पुजारी, ज्योतिष, कर्माचार्य, नवदुर्गा देवगण तथा जात्रा व्यवस्थापन समितिका पदाधिकारीलगायत सरोकारवालाहरूसँग छलफल गरी तान्त्रिक विधिअनुसार देहायबमोजिम स्वन्ति नखः तिहार मनाउन उपयुक्त हुने राय सुझाव प्राप्त भएको हुँदा सोहीबमोजिम तिहार मनाउनेसम्बन्धी निर्णय गरियो।

बैठकले यस वर्षको स्वन्ति नखः तिहार २०८३ मनाउने सम्बन्धमा विभिन्न पात्रो र सरोकारवालाहरूबाट लक्ष्मी पूजा, म्हः पूजा र किजापूजा मनाउने तिथिका विषयमा फरक फरक मितिमा मनाउने गरी सार्वजनिक भएका समाचारहरूबाट सर्वसाधारणमा अन्योल सिर्जना हुने देखिएकोले निर्णयबमोजिम २०८३ कार्तिक २२ गते आइतबार बिहान १०:५४ बजेपछि औँसी तिथि प्रारम्भ हुने भएकोले साँझ दीपावली गरी लक्ष्मी पूजा मनाउने, कार्तिक २३ गते सोमबार बिहान ११:३३ बजेपछि प्रतिपदा तिथि आरम्भ हुने भएकोले साँझ म्हःपूजा मनाउने र कार्तिक २४ गते मङ्गलबार दिनको १२:४१ बजेपछि द्वितीया तिथि आरम्भ हुने भएकोले साँझ किजापूजा मनाउने निर्णय गऱ्यो।

बैठकमा ज्योतिष डा. वीरेन्द्रप्रसाद कायस्थ, पुजारी सिद्धिवीर कर्माचार्य, नेपाल ज्योतिष परिषद् भक्तपुर जिल्लाका निवर्तमान अध्यक्ष केदारप्रसाद दैवज्ञ जोशी, नवदुर्गा देवगण तथा जात्रा व्यवस्थापन समितिका बालगोपाल वनमालालगायतको उपस्थिति रहेको थियो।

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १५९

**सुधारका लागि सुझाव :**

प्रमको मातहतमा रहने गरी Inter-Agency Information Sharing Center को तत्काल निर्माण हुनुपर्ने।

नागरिकका गुनासा तथा असन्तुष्टि र आक्रोसलाई समयमा नै व्यवस्थापन गर्न प्रधानमन्त्री कार्यालय मातहत Research team २४/७ क्रियाशील हुनुपर्ने।

सबै प्रकारका निजी तथा सरकारी भवन र सम्पत्तिहरूको अनिवार्य बीमाको कानुनी व्यवस्था र बीमा कम्पनीले विभिन्न बहानामा भुक्तानी रोक्ने प्रवृत्ति रोक्न नियमनकारी निकायलाई सक्रिय गराइनुपर्ने।

आगजनीमा प्रयोग हुनसक्ने सोडियम, फोस्फोरस, पेट्रोल, ग्यासोलिन, एसिटोन, थिनरलगायतका रसायनिक पदार्थहरूको किनबेचमा राज्य संयन्त्रको पहुँच हुने प्रणाली निर्माण गर्नुपर्ने।

प्रदेश सरकारलाई केन्द्रको देखासिकी नगरी प्रदेशका विविध विषयहरूमा खोज तथा अनुसन्धान गर्ने केन्द्र (Research center) र सानो जनउत्तरदायी प्रभावकारी Smart Government बनाइनुपर्छ।

नेपालमा रहेका तिब्बेतियन, भुटानी र रोहिङ्गालगायतका शरणार्थीहरूको गतिविधिमा सूक्ष्म निगरानी गर्न राज्य संयन्त्र क्रियाशील हुनुपर्दछ।

मदरसा, धर्मशाला, गुम्बा, चर्च र धर्म परिवर्तन गर्ने गराउने तत्त्वहरूको सूक्ष्म निगरानी अत्यावश्यक भइसकेको छ। समयमा नै ध्यान नदिएमा यसले राष्ट्रिय सुरक्षा (National Security) मा गम्भीर असर पार्ने निश्चित छ।

विद्यार्थीलाई सानो कक्षादेखि नै पाठ्यक्रममा अध्ययनसँगै रोजगार पाउने प्राविधिक शिक्षा तथा नैतिक शिक्षाको अनिवार्य व्यवस्था गर्नुपर्दछ।

बैङ्कबिभ्र हुने आर्थिक अपचलनमा सरकार र नियामक निकाय तथा राष्ट्र बैङ्कको विशेष अनुगमन र निगरानी आवश्यक छ।

सामाजिक सञ्जाललाई व्यवस्थित, स्वस्थ र मर्यादित बनाउन नेपाल सरकारले तत्कालै ऐन, नियमको तर्जुमा गर्नुपर्दछ।

भदौ २३ गते संसद् भवन परिसर बाहिर जेनजी युवालाई आक्रोशित पार्न र आफ्नो अभिष्ट पूर्ति गर्न केही आपराधिक समूह र अवसरवादी राजनीतिक पक्षहरूको समेत घुसपैठ भएको देखिन्छ। यस्ता प्रदर्शनहरूमा घुसपैठको पहिचान र नियन्त्रण गर्न विशेष प्रविधिसहितको सर्वसाधारणले नदेख्ने गरी Concealed CCTV को जडान, ड्रोनद्वारा रियल टाइम फोटोग्राफ गरी Control room मा देखिने प्रणाली र प्रदर्शनकारी भित्रैबाट सूचना प्राप्त गर्ने संयन्त्रको विकास र परिचालन हुन जरूरी छ।


Official update सरकारी च्यानल र सामाजिक सञ्जालबाट गर्ने, Misinformation र Disinformation का लागि Counter team क्रियाशील गर्ने। Independent oversight panel with young energetic people को स्थापना गर्ने।

नेपाली सेनाले National Security Literacy Campaign (Digital) सम्बन्धी कार्यक्रम सञ्चालन

*बाँकी पृष्ठ २ मा*

## देशको अवस्थाबारे उठेका प्रश्न

- तिहार नजिकिँदै जाँदा सयपत्री फूलको आपूर्तिबारे देशभरि चासो देखिएको छ। झापामा मात्रै १५ देखि २० हेक्टर क्षेत्रफलमा सयपत्री फूलको खेती भइरहेको सार्वजनिक भएको छ। तर, झापाकै सीमा नाकाबाट भारतीय सयपत्री फूल नेपाल भित्रिने विषयमा नेपाली किसान चिन्तित भएको खबर बाहिरिएको छ। झापाका २० जना सयपत्री फूलखेती गर्ने किसानले प्रमुख जिल्ला अधिकारीलाई भेटेर भारतीय सयपत्री फूलको आयात रोक्नुपर्ने मागसहित ज्ञापनपत्र पेस गरेको पनि सार्वजनिक भएको छ। के रास्वपा नेतृत्वको सरकारले यस वर्ष भारतीय सयपत्री फूलको आयात रोकेर नेपाली किसानको हितमा काम गर्ला ?
- गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवको क्रममा पोखरा महानगरपालिकाको भवन जलाइएपछि महानगरपालिकाको कार्यालय मासिक ८ लाख रुपैयाँ भाडा तिरेर राष्ट्रिय वाणिज्य बैङ्कको पोखरा, नयाँ बजारस्थित भवनमा सञ्चालन भइरहेको सार्वजनिक भएको छ। गत वर्ष भदौको उपद्रवको क्रममा देशभरका सरकारी कार्यालयमा समेत आगजनी भएपछि धेरै कार्यालय भाडाका भवनमा सञ्चालन हुँदै आएको पनि बाहिरिएको छ। दुई हजार पाँच सय ११ वर्गमिटर क्षेत्रफलमा रहेको पोखरा महानगरपालिकाको जलेको भवन भत्काएर सार्वजनिक पार्क बनाइने पनि सार्वजनिक भएको छ। कतिपयले पोखरा महानगरपालिका भाडाको भवनमा बसेर आगजनी भएको भवन भत्काई पार्क बनाउने निर्णय कसको स्वार्थमा गरिएको हो भनी प्रश्न उठाएका छन्।



**बेमौसमी तरकारी खेतीका लागि टनेल**

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-४ स्थित टौखालमा किसानले बेमौसमी तरकारी खेती गर्न निर्माण गरेको टनेल । *तस्बिर: सनम सुवाल/रासस*

# साँगा–धुलिखेल सडक निर्माण तीव्रगति

काभ्रेपलाञ्चोक, १३ कार्तिक । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको साँगा-धुलिखेल सडक निर्माणलाई तीव्रता दिइएको छ । थपिएको एक वर्षको समयसीमाभित्र सम्पूर्ण सडक बिस्तार नसकिएपछि मुख्यमुख्य काम सक्नेगरी निर्माणलाई अहिले तीव्रता दिइएको सूर्यविनायक-धुलिखेल आयोजनाले जनाएको छ ।

त्यस क्रममा केही दिनदेखि बनेपा बजार क्षेत्रमा ढल व्यवस्थापनसँगै पुरानो कालोपत्र उप्काएर नयाँ कालोपत्रको काम थालिएको हो । भक्तपुरको सूर्यविनायकदेखि धुलिखेलसम्मको करिब १६ किलोमिटर सडकखण्डलाई छ लेनको कामअन्तर्गत दुई खण्डमा विभाजन गरी ठेक्का सम्झौता गरिएको थियो ।

साँगा-धुलिखेलतर्फको आठ किलोमिटर दूरीको सडक विस्तारका लागि विसं २०७९ मङ्सिर २७ गते भएको सम्झौता अनुसार २०८२ मङ्सिर २५ गते सम्पन्न गर्नुपर्ने थियो । त्यसका लागि लामा कन्स्ट्रक्सन प्रालीले रु. चार अर्ब पाँच करोड ६४ लाखमा ठेक्का लिएकामा तोकिएको अवधिमा ६० प्रतिशत मात्र काम सम्पन्न भएपछि थप एक वर्ष समय थपिएको हो ।

सूर्यविनायकदेखि साँगा र साँगादेखि धुलिखेलसम्मको १५ दशमलव आठ किमी सडक दुई खण्डमा विभाजन गरी विस्तारको काम भइरहेको छ । सूर्यविनायक-धुलिखेल सडक आयोजनाका प्रमुख सुपरिटेन्डेन्ट इन्जिनियर विजयकुमार महतोले आयोजनाको कामलाई निर्धारित समयमा नै सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिइएको बताउनुभयो । उहाँका अनुसार हालसम्म काभ्रेपलाञ्चोकतर्फ साँगादेखि धुलिखेलसम्म ७४ प्रतिशत भौतिक प्रगति भएको छ ।

भक्तपुरतर्फ सूर्यविनायकदेखि साँगासम्म ५४ प्रतिशत काम भएको महतोको भनाइ छ ।

भक्तपुरतर्फ सडक विस्तारको काम ढिलो ठेक्का सम्झौता भएकाले कम प्रगति देखिएको आयोजनाले जनाएको छ । काभ्रेपलाञ्चोकतर्फ हालसम्म साढे तीन किलोमिटर सडक छ लेनमा नै पहिलो लेयरको कालोपत्र भएको महतोले जानकारी दिनुभयो ।

"साँगादेखि धुलिखेलसम्मको सात दशमलव नौ किमी सडकमध्ये साढे छ किमी चार लेनमा पहिलो लेयरको कालोपत्र भएको र अब काभ्रेतर्फ डेढ किमी सडक मात्रै कालोपत्र गर्न बाँकी रहेको छ", महतोले भन्नुभयो । साँगा-धुलिखेल खण्डको निर्माण व्यवसायीसँगको सम्झौताको म्याद आगामी मङ्सिर २३ गतेसम्म रहेकाले कुनै अप्ठ्यारो परिस्थिति नआए निर्धारित समयमै मुख्य काम सकिने आयोजनाले जनाएको छ ।

आयोजनाका अनुसार सूर्यविनायकदेखि साँगा खण्डमा हालसम्म 'साइड स्ट्रक्चर'को काम लगभग सकिएको छ । भक्तपुरतर्फ हालसम्म डेढ किमी सडक छ-लेनमै पहिलो कालोपत्र सकिएको छ भने साँगाको अण्डरपासमा दुई लेनमा एक दशमलव दुई किमी सडकमा पहिलो तहको कालोपत्र भएको महतोले जानकारी दिनुभयो । भक्तपुरतर्फ सडक विस्तारको म्याद आगामी फागुन महिनामा सकिँदै छ ।

सूर्यविनायक-साँगा खण्डको सात दशमलव तीन किमी सडकका लागि विसं २०७९ पुसमा आशिषकुमार श्रेष्ठ-बन्धन-भगवती जेभीसँग भ्याटसहित रु. तीन अर्ब ८८ करोड ९३ लाखमा आयोजनासँग ठेक्का सम्झौता भएको थियो ।

निर्माण कम्पनीले समयसीमाभित्र मुख्य कामसक्ने र बाँकी कामका लागि केही समय थपेर २०८४ असार महिनाभित्र सडकको सम्पूर्ण काम सम्पन्न गराउन सकिने महतोको भनाइ छ । सूर्यविनायकदेखि धुलिखेलसम्मको सडकखण्ड विस्तारको कामले पछिल्लो महिनादेखि तीव्रता लिए पनि राजमार्गअन्तर्गतको जगाति खोला, महादेवखोला, पुण्यमाता खोलामा पुल नबनेका कारण यातायात सञ्चालनमा केही समस्या देखिएको छ । ती स्थानमा राति मालवाहक सवारीसाधन सञ्चालन हुने भएकाले पुल निर्माण हुने स्थानमा खाल्डाखुल्डी र सवारीसाधनको जाम हुने गरेको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

### सर्वोच्चको पूर्ण बैठकमा समसामयिक विषयमा छलफल

काठमाडौँ, १३ कार्तिक । सर्वोच्च अदालतको पूर्ण बैठक (फूलकोर्ट) मा न्यायालयमाथि पछिल्ला दिनमा उठाइएका विविध प्रश्नहरूका विषयमा छलफल भएको छ । प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीशहरूको सो बैठकमा आज ती समसामयिक विषयमा छलफल भएको सर्वोच्च अदालतका प्रवक्ता अशोकुमार क्षेत्रीले जानकारी दिनुभयो ।

प्रधानन्यायाधीश डा. शर्मा, न्यायाधीशहरू हरिप्रसाद फुयाँल र श्रीकान्त पौडेलले आफूहरूसँग जोडिएर विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका विषय भ्रामक भएको उल्लेख गर्दै प्रेस विज्ञप्ति जारी गर्नुभएको थियो । ***(रासस)***

### सप्तकोसीमा नयाँ पुल निर्माण गर्ने तयारी

सप्तरी, १३ कार्तिक । सप्तरी र सुनसरी जिल्ला जोडिएको कोसी ब्यारेज पुलको विकल्पका रूपमा सप्तरीको कञ्चनपुरदेखि सुनसरीको राजाबाससम्म तीन किलोमिटर लामो नयाँ पुल निर्माण गरिने भएको छ । केही वर्षअघि तयार पारिएको परियोजनासम्बन्धी विस्तृत प्रतिवेदनका आधारमा निर्माण गर्न लागिएको पुलको अनुमानित लागत रु. ४३ अर्ब रहेको सडक विभाग आयोजना निर्देशनालयका निर्देशक चुडाराज ढकालले जानकारी दिनुभयो ।

एसियाली विकास बैङ्कको सहयोगमा निर्माण हुने उक्त पुल सञ्चालनमा आएपछि पूर्व-पश्चिम राजमार्गको १४ किमी यात्रा कम हुनेछ ।

निर्देशक ढकालले भन्नुभयो, "अहिले नयाँ पुल तथा सडक निर्माणसम्बन्धी आवश्यक प्राविधिक तयारी भइरहेको छ ।" त्यस परियोजनाअन्तर्गत विशिष्ट प्रकृतिको पुलसँगै ४३ किलोमिटर नयाँ सडक निर्माण गरिनेछ । हाल पुल र सडकको समग्र संरचना निर्माणका लागि आवश्यक प्रक्रियागत काम अगाडि बढिरहेको छ । परियोजना क्षेत्र कोसीटप्पु वन्यजन्तु आरक्षसँग जोडिएकाले वातावरणीय एवं कानुनी स्वीकृतिका केही विषयका कारण काम भइरहेको छ । कोसी ब्यारेज पुरानो हुँदै गएको र बढ्दो सवारी चापका कारण प्रस्तावित वैकल्पिक मार्ग नेपालको पूर्वी क्षेत्रमा यातायात सञ्चालन र व्यवस्थापनमा महत्त्वपूर्ण सावित हुनेछ । ***(रासस)***

### लागूऔषधसहित ३१ जना पक्राउ

काठमाडौँ, १३ कार्तिक । नियमित गस्तीमा रहेको प्रहरीले देशका विभिन्न भागबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि, लागूऔषध र हतियारसहित ३१ जना पक्राउ परेको छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उनीहरूलाई सिन्धुली, मोरङ, चितवन, धनकुटा, ललितपुर, झापा, तनहुँ, बाँके, कञ्चनपुर, सुर्खेत, सुनसरी, बर्दिया र भक्तपुरका विभिन्न स्थानबाट पक्राउ गरिएको हो । ***(रासस)***

### स्याफ्रुबेँसी–खाम्जिङ जोड्ने अस्थायी काठेपुल सञ्चालनमा

रसुवा, १३ कार्तिक । भोटेकोसी बाढीले सडक सञ्जाल टुटेपछि अवरुद्ध रसुवाको स्याफ्रुबेँसीबाट गोसाइँकुण्ड गाउँपालिकाका विभिन्न वडालाई जोड्ने काठेपुल सञ्चालनमा आएका छन् । स्थानीयवासीको आवतजावतलाई सहज बनाउन निर्माण गरिएको अस्थायी काठेपुल बिहीबारदेखि सञ्चालनमा आएको हो । गोसाइँकुण्ड गाउँपालिका-३ का वडाध्यक्ष मिङमार छिरिङ तामाङका अनुसार बाढीले सडक अवरुद्ध पारेपछि वडा कार्यालय र स्थानीयवासीको संयुक्त अगुवाइ तथा व्यवस्थापनमा लगातार तीन दिन लगाएर सो पुल निर्माण गरिएको हो ।

काठे पुल सञ्चालनमा आएसँगै गोसाइँ कुण्ड गाउँपालिका-३ को खाम्जिङ, वडा नं २ को टिमुरे र वडा नं ४ को लाङ्टाङ आवतजावत गर्ने स्थानीयवासीलाई सहज भएको वडाध्यक्ष तामाङले जानकारी दिनुभयो । वडा कार्यालय र स्थानीय युवाको पहलमा पुल निर्माण गरिएको हो । पुलका लागि आवश्यक काठ स्थानीयस्तरमा नै सङ्कलन गरिएको थियो ।

***पूर्ण....***

"हामी दृढ राजनीतिक प्रतिबद्धता, उत्कृष्ट व्यावसायिक क्षमता, उत्कृष्ट कार्य आचरण र कडा अनुशासनका साथ उच्च क्षमताका अधिकारीहरूको श्रेणी निर्माण गर्नेछौँ,"विज्ञप्तिमा उल्लेख छ ।

पार्टीको पूर्ण र कठोर पार्टी स्वशासनको अभ्यासमा सबै तहका पार्टी सङ्गठनहरूले प्रमुख भूमिका निर्वाह गर्ने उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, 'यसले राजनीतिक र सङ्गठनात्मक कार्यलाई सुदृढ गर्न सबै तह र सबै क्षेत्रमा पार्टी सङ्गठनको विकासलाई व्यवस्थित रूपमा अघि बढाउन आवश्यक छ ।'

आचरणमा सुधार र अनुशासनलाई कडा पार्नु पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउन प्रभावकारी उपायहरू हुन्, विज्ञप्तिमा भनिएको छ ।

"अधिकारीहरूमा भ्रष्टाचार गर्ने साहस, अवसर वा चाहना नहुने कुरा सुनिश्चित गर्न एकीकृत कदम चाल्नु भनेको पूर्ण र कठोर पार्टी स्वशासनको लागि महत्त्वपूर्ण रणनीति र भ्रष्टाचारविरुद्धको हाम्रो लडाईंको लागि आधारभूत दिशानिर्देश हो" विज्ञप्तिमा भनिएको छ ।

"हामीले भ्रष्टाचारका लक्षण र मूल कारणहरू दुवैलाई सम्बोधन गर्न व्यवस्थित कदम चाल्नुपर्छ र यस लडाइँलाई अन्त्यसम्म पुऱ्याउँदै गम्भीर सजाय, लक्षित उपचार र प्रभावकारी रोकथामको संयोजन गर्ने समग्र दृष्टिकोण अपनाउनुपर्छ," यसले भन्यो ।

पार्टीको नियमन र संस्थाहरूलाई सुदृढ पार्नु भनेको पूर्ण र कठोर पार्टी स्वशासन सुनिश्चित गर्न दीर्घकालीन आधारभूत रणनीति हो, विज्ञप्तिमा भनिएको छ । पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहँदा पार्टी र राज्यको अनुगमन प्रणालीमा थप सुधार हुन्छ, यो सबै पार्टीका सदस्यहरूको साझा राजनीतिक दायित्व भएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, "यस पूर्ण अधिवेशनबाट निर्देशित सिद्धान्तहरू अध्ययन गरी कार्यान्वयन गर्नु सम्पूर्ण पार्टीका लागि वर्तमान र आगामी अवधिमा प्रमुख राजनीतिक कार्य हो । पार्टीको कार्य एजेन्डाका सबै पक्षलाई वर्षको अन्त्यमा निरन्तर अगाडि बढाउनुपर्नेमा पनि जोड दिइएको थियो ।"

चिकपा केन्द्रीय समितिले बैठकमा पार्टीले सन् २०२७ को दोस्रो आधामा पेइचिङमा २१ औँ राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको छ र समाजवादी आधुनिकीकरणलाई मूल रूपमा साकार पार्ने र दोस्रो शताब्दीको लक्ष्यतर्फको नयाँ यात्रामा महत्त्वपूर्ण चरणमा आयोजना हुने यो महाधिवेशन निकै महत्त्वपूर्ण बैठक र पार्टी र देशका लागि ठुलो राजनीतिक महत्त्वको घटना हुने बताएको छ ।

बैठकले झाङ शेङमिनलाई चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोको नयाँ सदस्यमा निर्वाचित गरेको विज्ञप्तिमा उल्लेख छ ।

बैठकले केन्द्रीय समितिमा रिक्त सीट वैकल्पिक सदस्यबाट भर्ने, अनुशासन र कानुनको गम्भीर उल्लङ्घन गर्नेहरूका सम्बन्धमा केन्द्रीय अनुशासन आयोग र केन्द्रीय सैन्य आयोगको निरीक्षण प्रतिवेदनलाई विचार-विमर्श गरी पारित गर्ने र उल्लङ्घन गर्नेहरूलाई कारबाही गर्ने राजनीतिक ब्युरोको विगतका निर्णयहरूलाई पुष्टि गरेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिले सम्पूर्ण पार्टीलाई सीपीसी केन्द्रीय समितिको केन्द्रबिन्दुमा झन् नजिकबाट जुट्न र नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादसम्बन्धी सी चिनफिङको विचारलाई पूर्ण रूपमा कार्यान्वयन गर्न आह्वान गरेको छ ।

***कार्की...***

गर्ने, नागरिक, युवा र सामुदायिक संस्थाहरूसँग समन्वय राख्न Civil Military Liasion Desk स्थापना गर्ने, सार्वजनिक स्थानहरूमा Disaster, Rescue, Medical Readiness Demo प्रदर्शन गर्ने, विश्वविद्यालयलगायत विभिन्न संस्थाहरूमा Youth Engagement & Military Education Partnership कार्यक्रम सञ्चालन गर्ने, बेला-बेलामा Drone units, Cyber defense command, Humanitarian engineering corps बारे आफ्नो व्यवसायिकता प्रस्तुत गरी आम नागरिकलाई सेनासँग आश्वस्त हुने वातावरण निर्माण गर्ने ।

नेपाली सेनाले साइबर सुरक्षा र प्रविधिमा आधारित सुरक्षा प्रणालीको विकास गर्नुपर्छ । नेपाली सेनाले नेपालको सुरक्षाको लागि दीर्घकालीन राष्ट्रिय सुरक्षा रणनीति स्पष्ट र अद्यावधिक बनाउन विशेष भूमिका निर्वाह गर्नुपर्ने । सेनामा आउने उजुरी दर्ता र छानबिन पारदर्शी हुनुपर्ने ।

सेना र न्यायाधीशहरूलाई उनीहरूको कामको सम्बन्धमा Immunity दिइनुपर्छ जसका कारण उनीहरूले स्वतन्त्रतापूर्वक आफ्नो कर्तव्य निर्वाह गर्न सकून् । आर्थिक पक्षमा अनुसन्धान गर्न अख्तियार दुरूपयोग अनुसन्धान विभागले न्यायपरिषद् र सेना मुख्यालयको स्वीकृति लिई अनुसन्धान तहकिकात गर्नसक्ने व्यवस्था गर्नुपर्छ ।

राज्यको दीर्घकालीन सुरक्षाको लागि नेपाल सरकारले Chinese WeChat जस्तै All in One एप बनाउनुपर्ने, तर यसको दिगोपन ( Sustainability) को लागि ठुलो लगानी, बलियो र सुरक्षित प्रविधि, धेरै प्रयोगकर्ता चाहिन्छ । त्यसैले, तत्कालका लागि विद्यमान वालेट, च्याट, सरकारी सेवा एकीकृत गर्ने, निजी क्षेत्र र सरकार मिलेर Nepal Super App बनाउने, QR मा आधारित भुक्तानीलाई अझ व्यापक बनाउने र सामाजिक सञ्जालको प्रभावकारी अनुगमन र नियमन गर्न सशक्त टीम बनाउनुपर्ने ।

अति विशिष्ट व्यक्तिको (VVIP) सुरक्षाका लागी एकल कमान्ड प्रणाली प्रभावकारी हुने हुँदा सोहीअनुसारको कार्यबिधि बन्नुपर्ने ।

भदौ २३ र २४ गतेको विषम परिस्थितिमा डराएर कार्यस्थलबाट भागेका, कर्तव्यच्युत भएका सुरक्षा सङ्गठनका अधिकृत तथा जवानहरूलाई पहिचान गरी सबै सुरक्षा निकायले सख्त कानुनी कारबाही र हिम्मतसाथ मैदानमा बसी साहसपूर्वक काम गर्नेहरू एकजना पनि नछुट्ने गरी उनीहरूले सम्पादन गरेको कामको आधारमा पुरस्कृत गरिनुपर्ने ।

# व्यवसाय दर्ता तथा सञ्चालन ऐनहरू एक चर्चा

✍ अधिवक्ता राजेश भोयद्यो

भक्तपुर । नेपालमा व्यवसाय दर्ता तथा सञ्चालन व्यक्तिगत, संयुक्त (पार्टनरशिप) तथा कम्पनी गरी तीन विधिबाट भई आएको देखिन्छ । व्यक्तिगत प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४, संयुक्त (पार्टनरशिप) साझेदारी ऐन २०२० अन्तर्गत दर्ता सञ्चालन तथा नियमन हुन्छ । यी दुवै प्राकृतिक व्यक्ति तथा व्यक्तिहरू मिली कानुनले बन्देज गरेबाहेकका उत्पादनमूलक, सेवामूलक, व्यापारमूलक वस्तु तथा सेवाहरूको निकासी पैठारीसमेतका कार्यहरू गर्नका लागि दर्ता हुने गर्दछ । दर्ता प्रक्रिया सातै प्रदेश तथा सङ्घीय स्तरमा एकरूपता रहे तापनि दर्ता शुल्क तथा नवीकरण शुल्कलगायतका शुल्कहरूमा भने प्रदेशैपिच्छे फरक-फरक रहेको देखिन्छ । नविकरणको शुल्क र समयावधि समेत सङ्घीय र प्रदेशमा एकरूपता रहेको देखिँदैन ।

कम्पनी एक कानुनी व्यक्तिको रूपमा कानुनसम्मत रूपमा स्थापना भएको अविछिन्न उत्तराधिकारी हुने कानुनी व्यक्ति हो । जसको स्थापना कम्पनी ऐन २०६३ परिच्छेद-२ अन्तर्गत हुने गर्दछ । यसरी स्थापना भएका कानुनी व्यक्तिहरूले आफूले दर्ता बखतमा पेस गरेको प्रबन्धपत्रमा उल्लेखित उद्देश्य खण्डका कार्यहरू मात्र गर्न सक्ने हुन्छ । कम्पनीमा रहने शेयर सदस्यहरूका अनुसार कम्पनी एकल (नेपाली/विदेशी), बहुल (सम्पूर्ण नेपाली/नेपाली र विदेशी/सम्पूर्ण विदेशी) रूपमा दर्ता गर्छन् । कम्पनीको प्रकृतिअनुसार पब्लिक, प्राइभेट कम्पनी (कम्पनी ऐन, २०६३ परिच्छेद-१४ को दफा १४५ देखि १५१) र मुनाफा वितरण नगर्ने कम्पनी (कम्पनी ऐन, २०६३ परिच्छेद-१९ को दफा १६६ र १६७) गरी तीन किसिमका हुन्छन् । पब्लिक कम्पनीले आफ्नो नामको पछाडी लिमिटेड (लि.), प्राइभेट कम्पनीले प्राइभेट लिमिटेड (प्रा.लि.) राख्नुपर्ने अनिवार्य रहन्छ भने मुनाफा वितरण नगर्ने कम्पनीको हकमा यस्तो व्यवस्था लागू गरेको देखिँदैन (कम्पनी ऐन,२०६३ परिच्छेद-२ को दफा १०) ।

कम्पनी दर्ता पूर्व, दर्ता र दर्तापश्चात्का कार्यहरू समयमै अनलाइनमार्फत बुझाउनुपर्ने हुन्छ । दर्तापश्चात् कम्पनी रजिस्ट्रारको कार्यालयमा बुझाउनपर्ने विविध डकुमेन्टहरू बुझाउन अनिवार्य हुन्छ । यसरी बुझाउनुपर्ने कागजपत्रहरू समयमै बुझाउनुपर्ने दायित्व कम्पनी सञ्चालकहरूमा रहन्छ । समयमै कागजपत्र नबुझाएको खण्डमा मोटो दण्ड जरिवाना कम्पनी रजिस्ट्रारको कार्यालयका बुझाउन पर्ने तथा निरन्तर ३ वर्षसम्म विवरण नबुझाएका कम्पनी खारेजीसम्म हुनसक्ने (कम्पनी ऐन, २०६३ परिच्छेद -११ को दफा १३६ (१,ख)) प्रावधान रहेको छ । यसरी सूजना हुने दण्ड जरिवानाको सम्पूर्ण जिम्मेवारी कम्पनी सञ्चालकहरूले (कम्पनी ऐन, २०६३ परिच्छेद-१७ को दफा १६३) व्यहोर्नुपर्ने हुन्छ ।

कम्पनी अध्यावधिक गर्ने क्रममा कम्पनी ऐन २०६३ परिच्छेद २१ विविधको दफा १८५ मा भएको व्यवस्थाअनुसारको कम्पनी सचिवको नियुक्तिलाई हाल CAMIS System मा अनिवार्य भनेर देखाएको सूचनाले कम्पनी रजिस्ट्रार कार्यालयले कडाइ गर्ने देखाउँछ । कम्पनी प्रशासनलाई चुस्त बनाउँदै लगेको कम्पनी रजिस्ट्रार कार्यालयले कम्पनी सञ्चालकलाई कम्पनी प्रशासनसम्बन्धी विज्ञ व्यक्ति कम्पनी सचिवको रूपमा नियुक्ति गर्न ऐनले अनिवार्य व्यवस्था गरेको छ । प्राइभेट कम्पनीमा शेयर एक करोड वा सोभन्दा बढी, मुनाफा वितरण नगर्ने कम्पनी र पब्लिक कम्पनीहरूमा कम्पनी ऐन २०६३ परिच्छेद २१ विविधको दफा १८५ र १८६ को अनुसार कम्पनी सचिवको अनिवार्य नियुक्तिमा सबै पब्लिक कम्पनीहरूले मात्र यसको पालना गर्दै आएको देखिन्छ । कम्पनी सचिवको रूपमा नियुक्ति हुन प्रचलित कानुनबमोजिम कम्पनी सचिवसम्बन्धी व्यावसायिक प्रमाणपत्र जारी गर्ने अधिकार प्राप्त स्वदेशी वा विदेशी निकायबाट कम्पनी सचिवको व्यावसायिक प्रमाणपत्र प्राप्त गरी कम्तीमा दुई वर्षसम्म सम्बन्धित क्षेत्रमा काम गरेको वा कानुन, व्यवस्थापन, वाणिज्य वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी कम्तीमा तीन वर्षसम्म सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन क्षेत्रमा काम गरेको नेपाली नागरिक कम्पनी सचिव पदमा नियुक्त हुनसक्नेछ । तर, सम्बन्धित कम्पनीको सञ्चालक त्यस्तो कम्पनीको सचिवको रूपमा नियुक्त हुनसक्ने छैन । कुनै पनि व्यक्ति एकैपटक एकभन्दा बढी कम्पनीको कम्पनी सचिवको पदमा नियुक्त हुनसक्ने छैन ।




तर, कुनै मुख्य कम्पनीको कम्पनी सचिवलाई त्यस्तो कम्पनीको सहायक कम्पनीको कम्पनी सचिव पदमा नियुक्ति गर्न यस व्यवस्थाले बाधा पुऱ्याउने छैन ।

यस ऐन, प्रचलित कानुन वा नियमावलीबमोजिम कुनै काम कम्पनी सचिवले वा निजद्वारा गरिने भनी व्यवस्था भएकोमा सो कम्पनीमा कम्पनी सचिवको पद कुनै कारणले रिक्त रहेमा वा बहालवाला कम्पनी सचिवले त्यस्तो नगर्ने वा गर्न असमर्थता देखाएमा सञ्चालक समितिले त्यस्तो काम गर्न पाउने गरी तोकेको यस ऐनअनुसार योग्यता पुगेको कम्पनीको कुनै कर्मचारीले कम्पनी सचिवको हैसियतमा काम गर्नसक्नेछ ।

कम्पनी सचिवको काम, कर्तव्य र अधिकारहरूमा सञ्चालक समिति र साधारणसभाद्वारा गरिएका निर्णयहरू र कार्यालय वा सम्बन्धित निकायहरूद्वारा निर्देशित कुराहरू कार्यान्वयन गर्नु, गराउनु तथा यो ऐन वा प्रचलित कानुनबमोजिम कम्पनीले कार्यालय वा अन्य कुनै निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित अवधिभित्र पेस गर्नु कम्पनी सचिवको कर्तव्य हुनेछ । यसका अतिरिक्त यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनी सचिवले सञ्चालक समितिको बैठक वा साधारणसभा बोलाउने, सञ्चालक समितिको बैठक वा साधारणसभामा छलफल गरिने विषयहरूको सूची तयार गरी सम्बन्धित सञ्चालक वा शेयरधनीकहाँ पठाउने, सञ्चालक समितिको बैठक वा साधारणसभाको निर्णयहरूको अभिलेख राख्ने, प्रमाणित गर्ने तथा जिम्मा लिने, सञ्चालक समितिको निर्णयानुसार शेयर बाँडफाँडको सूचना तथा कित्ता मागको सूचना पठाउने, शेयरधनीहरूको दर्ता किताब र शेयरधनी तथा डिबेन्चरवालाहरूको लगत दुरुस्त राख्ने, जिम्मा लिने र प्रमाणित गर्ने, शेयर वा डिबेन्चरको धितो बन्धक जनाउने, हस्तान्तरण वा दाखिल खारेज गर्नु सञ्चालक समिति वा कार्यकारी प्रमुखसमक्ष पेस गर्ने, शेयरधनी वा डिबेन्चरवालाको दाबी, उजुरी, गुनासो, सुझाव, सल्लाह आदि कुनै कुरा लिखितरूपमा पेस हुन आएमा सञ्चालक समिति वा कार्यकारी प्रमुख वा कार्यालय वा अन्य निकायहरूसमक्ष पुऱ्याउने र सो सम्बन्धमा भए गरेको कारबाहीको नतिजा लिखितरूपमा सम्बन्धित शेयरधनी वा डिबेन्चरवालालाई दिने, प्रचलित कानुनअनुसार कम्पनी सचिवले गर्नुपर्ने भनी निर्धारण गरिएको वा तोकिएबमोजिमको अन्य कार्य गर्ने रहन्छ । साधारणसभाको निर्णयबमोजिम बाहेक कम्पनी सचिवले कम्पनीबाट वा कम्पनीमार्फत आफूलाई फाइदा हुने कुनै काम गर्नु गराउनुहुँदैन र कम्पनी सचिवले कम्पनी निर्देशिका २०७२, नियमावली तथा विनियमहरूबमोजिमको आचरण पालन गर्नुपर्नेछ ।

कम्पनी एक कानुनी व्यक्ति रहेको अवस्थामा, कम्पनीको आवश्यक कामकार्य सञ्चालक/शेयर धनीहरूले गर्न समय र अनुभवको अपूर्णताका कारण समयमै गर्न सकेको देखिँदैन । नियमसम्मत समयमै आवश्यक प्रशासनिक कार्य सम्पादन गर्न तथा अनावश्यक दण्ड जरिवाना हुन नदिन कम्पनी ऐन २०६३ परिच्छेद २१ विविधको दफा १८५ र कम्पनी निर्देशिका २०७२ (८५) लाई कडाइका साथ कार्यान्वयन गर्न कम्पनी रजिस्ट्रारको कार्यालय लागेको CAMIS System मा देखिएको सूचनाले स्पष्ट हुन्छ । कानुन न्याय तथा सामाजिक कल्यान मञ्चलगायतका कानुनसम्मत सङ्घ संस्थाहरूको निरन्तरको अनुरोधले कम्पनी प्रशासन ऐनको पूर्ण पालना गराउँदै जाने क्रममा छ । कम्पनी सचिवको व्यवस्थाले कम्पनी सञ्चालकमा प्रारम्भिक रूपमा केही आर्थिक भार परेको महसुस भए तापनि दीर्घकालमा यसले हाल समयमै कम्पनी रजिष्ट्रारको कार्यालयलगायतका तालुक निकायहरूमा बुझाउनुपर्ने डकुमेन्टहरू समयमै नबुझाउँदा लाग्ने गरेको दण्ड तथा जरिवानाबाट मुक्त हुनेछ । समयमै सञ्चालक तथा शेयर सदस्यहरूमा सूचना सञ्चार तथा व्यवस्थित डकुमेन्टेसनले सञ्चालक/शेयर सदस्यहरूमा समझदारी रहनाले दीर्घकालमा कम्पनी सञ्चालन तथा नाफा आर्जनमा बढोत्तरी हुने देखिन्छ । यस व्यवस्थाले विज्ञ तथा सक्षम व्यक्तिहरूमा रोजगारी सृजना गर्नेछ भने सञ्चालकहरूलाई सक्षम र तालिम प्राप्त कम्पनी सचिवको खोजीमा सकस हुने देखिन्छ । आवश्यकताअनुसार कम्पनी सचिवको पाठ्यक्रम, तालिम, तालिम निर्देशिका तथा तालिम प्रदायक सङ्घसंस्थाहरूको व्यवस्थाको अपरिहार्य रहेको छ ।

*(लेखक लिक्विडेटर/प्रशिक्षक हुनुहुन्छ ।)*

# 'खाद्य स्वच्छता लोगो' राखेर मिठाइ व्यवसाय सञ्चालन गर्न निर्देशन

कर्णाली, १३ कार्तिक । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले 'खाद्य स्वच्छता लोगो' राखेर व्यवसाय सञ्चालन गर्न होटल तथा मिठाई व्यवसायीहरूलाई निर्देशन दिएको छ ।

कार्यालय प्रमुख श्रीराम न्यौपानेको नेतृत्वको अनुगमन टोलीले आज सुर्खेत वीरेन्द्रनगर बजारस्थित विभिन्न मिठाई पसलको निरीक्षणका क्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयबाट आफ्नो व्यवसायको खाद्य स्वच्छताको आधारमा स्तरीकरण गराई 'खाद्य स्वच्छता लोगो' लिएरमात्र व्यवसाय सञ्चालन गर्न निर्देशन दिएको हो ।

उहाँले भन्नुभयो, "अनुगमन तथा निरीक्षणका क्रममा हामीले सुर्खेतका होटल तथा मिठाई व्यवसायीहरूलाई यही कार्तिक ११ गतेदेखि होटल, मिठाई पसल, मिठाई भण्डारलगायत मिठाई व्यवसायीलाई मिठाइको नाम, उत्पादन मिति, मुख्य मिश्रण, तेल तथा घिउको प्रकार (नाम), उपभोग गरिसक्नुपर्ने मिति र प्रतिकिलो मूल्यको विवरण उल्लेख गरिएको सूची मिठाई बेच्ने सोकेस वा काउन्टरमा सबै ग्राहकहरूले देखिने गरी टाँस्न सुझाव दिएका छौं ।"

कार्यालयको निर्देशनविपरीत व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूलाई 'खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१' बमोजिम कारबाही हुने व्यहोराबारे सचेत गराइएको कार्यालय प्रमुख न्यौपानेले बताउनुभयो । उहाँका अनुसार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको २०८३ साल असोज ३० गतेको सूचना कार्यान्वयनको अवस्थाबारे बजार अनुगमन गर्दा अधिकांश मिठाई पसलेहरूले सूचनामा भनेबमोजिम विवरण राखेको र केही पसलहरू कार्यान्वयनका क्रममा रहेको पाइएको छ ।

यसैबिच खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय धुलिखेलले मिठाई बनाउन प्रयोग हुने कच्चा पदार्थ, प्रयोग गरिएको तेल वा घिउ, उपभोग्य मिति र मूल्य स्पष्ट देखिनेगरी पसलमा राख्न काभ्रेपलाञ्चोकका व्यवसायीलाई निर्देशन दिएको छ ।

जिल्ला सदरमुकाम धुलिखेल र प्रमुख सहर बनेपाका मिठाई पसलको अनुगमनपश्चात कार्यालयले यस्तो निर्देशन दिएको हो । कार्यालयका प्रमुख मनिषा चापागाईं ले मिठाई उत्पादन गर्दा प्रयोग गरिएका मुख्य कच्चा पदार्थ, तेल वा घिउको विवरण, उपभोग गरिसक्नुपर्ने मिति र बिक्री मूल्य ग्राहकले सहजै देख्न सक्नेगरी मिठाइको सोकेस वा काउन्टरमा राख्न निर्देशन दिइएको बताउनुभयो ।

अनुगमनका क्रममा कार्यालयले मिठाई व्यवसायीलाई खाद्य स्वच्छतासम्बन्धी मापदण्ड पालना गर्न निर्देशन दिएको छ । तारेर वा पकाएर तयार गरिने मिठाइमा सिन्थेटिक खाद्य रङ प्रयोग नगर्न, मिठाइलगायत खाद्य पदार्थ प्याक गर्न छापिएका कागज तथा पत्रपत्रिका प्रयोग नगर्न र खाद्य पदार्थ तार्न एउटै तेल पटकपटक प्रयोग नगर्न व्यवसायीलाई सचेत गराइएको चापागाईंले बताउनुभयो । साथै खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को पालना गर्न र गराउन पनि कार्यालयले निर्देशन दिएको छ ।

मिठाइमा प्रयोग भएका सामग्री तथा मूल्यबारे उपभोक्तालाई स्पष्ट जानकारी उपलब्ध गराउने र खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो । यसले उपभोक्तालाई आफूले खरिद गर्न लागेको मिठाइको गुणस्तर, प्रयोग भएका सामग्री र मूल्यबारे जानकारी लिएर खरिद गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ । तिहार तथा छठपर्वमा अन्य समयको तुलनामा मिठाइको खपत बढी हुने गर्दछ । ***(रासस)***

स्थानीय सरकार
**मध्यपुर थिमि नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, भक्तपुर, नेपाल

**सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१४ गते**

मध्यपुर थिमि नगरपालिका वडा नं. ४ स्थित शंखधर चोकमा अवस्थित कलात्मक दुईतले संरचना (भा-फल्चा) तपसिलमा उल्लेखित प्रयोजन र अवधिका लागि बहालमा लगाउनुपर्ने भएकोले तोकिएका सर्त, नियम तथा परिधिभित्र रही बहालमा लिन इच्छुक क्याफे सञ्चालनको काम गर्ने गरी दर्ता भएका फर्म/कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मू.अ.क. प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ताको प्रतिलिपि संलग्न राखी सिलबन्दी प्रस्ताव पेस गर्नहुन अनुरोध गरिन्छ । थप जानकारीको लागि मध्यपुर थिमि नगरपालिका राजस्व प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सूचना नं. | बहालमा लगाइने संरचनाको विवरण | सङ्ख्या (वटा) | बहालमा लगाइने क्षेत्रफल (व.फु.) *Inter room area* | न्यूनतम मासिक बहाल रकम | धरौटी रकम (रू) | अवधि |
|---|---|---|---|---|---|---|
| मथिनपा/कर/०२/२०८३/०८४ | कलात्मक भवन (भा-फल्चा)मा क्याफे सञ्चालन गर्ने | १ वटा | ७९२.३१ व.फि | रू. ८०,०००।- | रू. ४८,००० | ५ वर्ष |



**त्रिशुलीमा बेलिब्रिज निर्माण हुँदै**

त्रिशुली नदी वारपारको लागि नुवाकोटको विदुर नगरपालिका-१ ढुङ्गे-त्रिशुली जोड्ने गरेर बेलिब्रिज निर्माण गर्दै । भोटेकोसी नदीमा आएको बाढीले त्रिशुली नदीमा राखिएका नुवाकोटस्थित सम्पूर्ण पुल बगाएसँगै विदुर नगरपालिकामार्फत यहाँ निर्माण भइरहेको मोटरेबल पुलअन्तर्गत यो बेलिब्रिज पहिलो हो । पुल निर्माणले त्रिशुली पारितर्फका नुवाकोटसहित यहाँ हुँदै धादिङ र रसुवाका विभिन्न बस्तीलाई सडक सञ्जालमा जोड्नेछ । *तस्बिर: रामहरि न्यौपाने/रासस*

। सम्पादकीय ।

# नेपालको सार्वजनिक ऋण ३० खर्ब नाघ्यो !

नेपाल सरकारको कुल सार्वजनिक ऋण ३० खर्ब ९ अर्ब ११ करोड ६६ लाख रुपैयाँ पुगेको सार्वजनिक भएको छ । यो नेपालको कुल गार्हस्थ उत्पादन ( जीडीपी) को ४५.५९ प्रतिशत हो । आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन लगभग ६६ खर्ब रुपैयाँ रहने अनुमान गरिएको छ । नेपालको कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत हिस्सा सीमित व्यक्तिको हातमा रहेको र बाँकी ७० प्रतिशत नेपालीलाई जीवन निर्वाह गर्न कठिनाइ भइरहेको तथ्य यसअघि नै सार्वजनिक भएको हो । यसले नेपालको कुल गार्हस्थ उत्पादनमा सबै नेपालीको समान हिस्सा नरहेको पुष्टि गर्छ ।

नेपालको छिमेकी देश चीनले सन् २०२० को अन्त्यमा गरिबी उन्मूलन भएको घोषणा गरेको थियो । अर्थात्, चीनमा अब खान र लगाउनजस्ता आधारभूत आवश्यकताका लागि समस्या नरहेको दाबी गरिएको थियो । नेपालको अर्को छिमेकी देश भारतमा झन्डै आधा जनसङ्ख्या खुला ठाउँमा शौच गर्न बाध्य रहेको र झन्डै एकचौथाइ जनता दिनमा एक छाक मात्र खाएर सुत्नुपर्ने अवस्थामा रहेको तथ्य सार्वजनिक भएको थियो । चीन र भारत दुवै देशको जनसङ्ख्या झन्डै डेढ-डेढ अर्ब छ । 'सपनाको देश' भनिने संरा अमेरिका सरकारले पनि गरिबी हटाउन सकेको छैन । आज पनि संरा अमेरिकामा रोजगारी, आवास र उपचारको सुविधाबाट जनता वञ्चित छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार गठन भएको सात महिना भयो । यो सरकारले चालू आर्थिक वर्षमा ६ खर्ब ५८ अर्ब २८ करोड रुपैयाँ सार्वजनिक ऋण लिने लक्ष्य राखेको छ । चालू आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ र ब्याज भुक्तानीका लागि सरकारले कुल ४ खर्ब १७ अर्ब ८८ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सरकारले असोजसम्म ९८ अर्ब ८७ करोड ३५ लाख रुपैयाँ भुक्तानी गरेको पनि सार्वजनिक भएको छ । नेपालको आन्तरिक राजस्व कर्मचारी प्रशासन सञ्चालन गर्नसमेत पर्याप्त छैन । नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) नेतृत्वका सरकारहरूले देशको अर्थतन्त्र उकास्ने नाममा सार्वजनिक ऋण बढाएको सत्य हो । रास्वपा नेतृत्वको सरकार पनि पुरानै दलहरूको पदचिह्नमा हिँड्दै छ । हुन त रास्वपाका रवि लामिछाने, शिशिर खनाल, विराजभक्त श्रेष्ठलगायत नेताहरू पुरानै दलहरूको नेतृत्वमा बनेको सरकारमा उपप्रधानमन्त्री तथा मन्त्री बनेका थिए । अर्थात्, रास्वपा नेतृत्वको सरकार 'नयाँ सिसीमा पुरानै रक्सी' जस्तै हो ।

वित्तीय संस्थाबाट ऋण लिनेहरूले सावाँ-ब्याज भुक्तानी नगरेमा धितो राखिएको घर, जग्गा, सेयर र सुन लिलाम गरिन्छ । नेपाली काङ्ग्रेस, एमाले, माओवादी र रास्वपा नेतृत्वको सरकारले लिएको सार्वजनिक ऋणको सावाँ-ब्याज समयमै भुक्तानी गर्न नसकिएमा कुन-कुन प्रधानमन्त्री र मन्त्रीको घरजग्गा तथा सुन लिलाम हुने हो, स्पष्ट हुनु जरुरी छ । प्रधानमन्त्री, मन्त्री र उनीहरूका आसेपासेको सम्पत्ति बढ्दै जाने तर तिनका सरकारले लिएको सार्वजनिक ऋणको सावाँ-ब्याज भुक्तानी हुन नसक्दा देश नै लिलाम हुने अवस्था कसरी न्यायोचित हुन सक्छ ?

नेपाली काङ्ग्रेस, एमाले र माओवादी नेतृत्वका सरकारहरूले विश्व बैङ्क, एसियाली विकास बैङ्क (एडीबी) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट ऋण लिने तर छिमेकी देश चीनबाट अनुदान मात्र लिने नीति अपनाउनु गलत हो । ती सरकारहरूले चीनबाट अनुदान लिएर विश्व बैङ्क, एडीबी र आईएमएफको ऋण तिर्ने षड्यन्त्रसमेत गरेको कुरा त्यतिबेलै सार्वजनिक भएको थियो । यही गलत नीति रास्वपा नेतृत्वको सरकारले पनि पछ्याउँदै छ । यसकारण, सरकारमा गएका सबै दलको आर्थिक तथा विदेश मामिलासम्बन्धी नीतिमा मौलिक भिन्नता देखिएन । आर्थिक तथा विदेश मामिलासम्बन्धी नीति एउटै भएका दलहरूको अलग अस्तित्वको औचित्य रहँदैन ।

गत आर्थिक वर्षमा सरकारले ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरेको थियो । महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनमा वैदेशिक अनुदानबापत ३१ अर्ब २६ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको उल्लेख छ भने अर्थ मन्त्रालयका अनुसार २१ अर्ब ६१ करोड रुपैयाँ मात्र प्राप्त भएको छ । सरकारले वैदेशिक अनुदानसम्बन्धी तथ्याङ्कमा १० अर्ब रुपैयाँभन्दा बढीको फरक पर्ने गरी विवरण किन सार्वजनिक गऱ्यो ? गत आर्थिक वर्षमा सरकारले २ खर्ब ३३ अर्ब ६६ करोड रुपैयाँ वैदेशिक ऋण लिने लक्ष्य राखेको थियो । तर, यसमध्ये १ खर्ब ९ अर्ब ४७ करोड रुपैयाँ मात्र प्राप्त भयो । सरकार कमजोर भएपछि विदेशीले ऋणसमेत दिँदैनन्, अनुदान त परको विषय भयो । नेपाल आत्मनिर्भर हुन सक्ने भूगोल र जनशक्ति भएको देश हो, तर सरकारहरू गतिला नहुँदा नेपाली जनता थप पीडामा परेका छन् ।

पाठक पत्र

# म्याद नाघेको वस्तु बिक्री वितरणमा निगरानी राख्नुपर्ने

तपाईंको लोकप्रिय पत्रिकामार्फत म सम्बन्धित निकाय र व्यापारीहरूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

केही दिनअघि मैले कमलविनायक र च्याम्हासिंहको बिचमा रहेको स्थानीय पसलबाट खरिद गरेका केही प्याकेट सामानहरूको उपभोग्य वस्तुको म्याद समाप्त भइसकेको (एक्सपायर्ड) पाएको छु । पसलेहरूले सामानको मिति नहेरी वा जानाजान बेवास्ता गरी अखाद्य तथा म्याद नाघेका वस्तुहरू बिक्री गर्दा आम उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्छ । सर्वसाधारणको स्वास्थ्यमाथि लापरबाही गर्नु ठीक होइन । कतिपय उपभोक्ताले विश्वासमा परेर सामान खरिद गर्छन् । यस्ता सूक्ष्म कुरामा ध्यान दिन नसक्ने हुनाले व्यापारीहरू अझ बढी जिम्मेवार हुनुपर्ने हो, तर यहाँ व्यावसायिक नैतिकतालाई नै बेवास्ता गरिएको छ ।

तसर्थ, आउँदा दिनहरूमा यस्तो कमजोरी नदोहोऱ्याउन र बिक्री गरिने हरेक सामानको गुणस्तर तथा मिति अनिवार्य रूपमा जाँच्नु आवश्यक छ ।

स्थानीय तह, उपभोक्ता संरक्षण विभागलगायतका अनुगमनकारी निकायहरूले बजारमा यस्ता बेथिति र गैरकानुनी गतिविधि नियन्त्रण गर्न तत्काल कडा कदम चाल्नुपर्छ । बजारको नियमित र प्रभावकारी अनुगमन गरी उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याइनुपर्छ ।

**- मेनुका माक, भक्तपुर**

# नेपाल-भारत सम्बन्धमा देखापरेका गलत समझदारी र सही समाधानका उपायहरू - ३

✍ **नारायणमान बिजुक्छें (रोहित)**

*(हाल रास्वपा सरकारका जिम्मेवार व्यक्तिहरू तथा मन्त्रीहरूले बिनाअध्ययन र जानकारी नेपाल-भारत सम्बन्धका बारेमा गलत अवधारणा र अभिव्यक्ति दिँदै आएको हुँदा सबै पाठकको लागि नेपाल-भारत सम्बन्धका गलत समझदारीहरू र सही समाधानका उपायहरूको लागि **नारायणमान बिजुक्छें (रोहित)** द्वारा लिखित '**नेपाल-भारत सम्बन्ध र भारत**' पुस्तकको खण्ड १ को अध्याय ३ लाई साभार गरिएको छ -सं.)*

श्रीमन नारायण भारतका एक माथिल्ला राजनैतिक व्यक्ति मानिनु हुन्छ । १९६४ को अन्तदेखि १९६७ सम्म उहाँले नेपालमा भारतीय राजदूतको रूपमा काम गर्नुभएको थियो । त्यस अवधिमा उहाँले नेपालका राजनेताहरूदेखि लिएर देशका सबै क्षेत्रका साना-ठुला व्यक्तिहरूसँग भेटघाट र मित्रता कायम गर्नुभयो, नेपाल र नेपाली जनताबारे पनि बढी जानकारी हासिल गर्नुभयो । १९७१ मा उहाँले 'भारत र नेपाल' भन्ने एक पुस्तक पनि प्रकाशित गर्नुभई आफ्नो जानकारीलाई सबैको अगाडि राखिदिनुभयो । दुई देशको सम्बन्धलाई बलियो पार्न नेपाल र नेपाली जनताको विषयमा जानकारी राख्ने उहाँको चाख प्रशंसा गर्नलायकको गुण हो, तर दुर्भाग्यवश उहाँको अध्ययन र जानकारीको सार नेपाली र भारतीय जनताको मित्रतालाई बलियो बनाउन योगदान हुनुको सट्टा त्यसलाई अझ धमिलो बनाई दिने एक नराम्रो प्रयासमात्रै साबित हुन गयो । तर, उहाँको त्यस पुस्तकले नेपाली जनतालाई एक मूल्यवान र बिर्सन नहुने नकारात्मक शिक्षा पनि छोडेको छ, त्यो हो-भारतको शासक वर्ग आफ्नो वर्गीय स्वार्थको निम्ति नेपाल र नेपाली जनतालाई बलिको बोका बनाउन हिच्किच्याउँदैनन् । तिनीहरू दुई देशका जनताको मित्रताको महत्त्व त ग्राहक र व्यापारी, मजदुर र पुँजीपति, पराजित र स्वतन्त्र देश, उपनिवेश र उपनिवेशवादी देश, सानो र ठुलो राष्ट्र, पिछडिएको र विकसित, गरिब र सम्पन्न देशको बिचमा हुने भौतिक लाभ राख्ने देशको रूपमा मात्रै राख्ने गर्छन् । तिनीहरूले बयान गर्ने सांस्कृतिक र सामाजिक समानता र सम्बन्ध त 'माछालाई बल्छीमा दिने गड्यौलामात्रै हो' त्यो हिन्दू साम्राज्यवादकै संस्कारमात्रै हो । तर, ऐतिहासिक कारण हो - "नेवारहरू आफूलाई उपत्यकाको आदिवासी मान्दछन्, राजाहरू र अहिलेको शाहवंश भारतबाट 'पसे काहरू' हुन् भन्ने मान्छन् । सिंहदरबारको सचिवालय र राजदरबारको समेत महत्त्वपूर्ण पदहरूमा बस्ने नेवारहरूको त्यस भारतविरोधी दृष्टिकोण नै चीन समर्थक झुकावमा जिम्मेवार छ ।"

> *श्रीमन नारायणको अर्को आविष्कार हो, चिनियाँ राजदूतावासले पैसा र माओको साहित्य वितरण गरेर मजदुर, किसान र विद्यार्थीहरूमा केही 'सेलहरू' (प्रारम्भिक कम्युनिस्ट सङ्गठनहरू) बनाउन सफल भएको छ । चिनियाँहरू नेपाललाई अन्तहीन गुरिल्ला लडाइँको अर्को भियतनाममा फेर्न चाहन्छन् ।*


नेपाल र भारतको बिचमा कहिलेकाहीँ देखापर्ने गरेको तितो-पिरोमा ऐतिहासिक कारण त अवश्य छ, त्यो ठीक हो । तर, त्यो ऐतिहासिक कारण श्रीमन नारायणले देखाउनुभएको जस्ता कदापि होइन । एक विराम छोप्न थुप्रै विरामहरू गर्नुपर्ने हुन्छ । त्यस्तै, श्रीमन नारायणले एक झूठको निम्ति थुप्रै झूठहरू




राणा र शाहवंशलाई भारतबाट पसेकाहरू भन्ने कुरो उल्लेख गरेर राजसत्ताको माथिल्लो तहमा बसेका जाति र वर्गलाई आफूतिर तान्नु र भारतमै गन्हाइसकेको जातिभेदको राजनीतिलाई नेपालभित्र पसालेर 'फुट गर र राज गर' को नीतिलाई लागू गर्नु हो । यसको एक ज्वलन्त उदाहरण सिक्किम हो । 'बहुमत' नेपाली वा गोर्खाली जातिको डर देखाएर चोग्याललाई नेपाल र नेपाली जातिविरोधी गराउनु, 'अल्पमत' भोटे जातिको शासनको विरोधमा नेपाली जातिलाई भाँड्नु, साथसाथै लेप्च्या र दोर्जे आदि जातिवादी वैमनस्य उठाएर सिक्किमीलाई सिक्किमीकै विरोधीमा उठाएर बन्दुकको भरमा सिक्किमलाई निल्यो । (माफ गर्नुस्, सिक्किमी जनतालाई 'प्रजातन्त्र' साम्राज्यवादीहरूको सपनालाई 'ग्लुकोज' प्रदान गर्नेछ ।

श्रीमन नारायणले आफ्नो किताबमा नेवार जाति र अरू नेपाली जनसमुदायलाई 'चीन समर्थक' र 'भारतविरोधी' भनेर साह्रै गलत समझदारीमात्रै राखेर होइनन् बरु नेवारी जनताको मातृभाषा नेपालभाषाको समुचित विकासबारे गरिएको साहित्यिक र सांस्कृतिक गतिविधिलाई समेत 'सरकारविरोधी' उद्देश्यको रूपमा प्रस्तुत गर्ने अशिष्टता पनि गर्नुभयो । त्यो ठम्याइ सोह्रै आना असत्यमात्रै होइन, त्यसले गुरुङ, मगर, तामाङ, भोटे, राई लिम्बु, दनुवार, भोजपुरी, मैथली, थारु, चेपाङ, राजवंशी, सन्थाल आदि देशका विभिन्न जाति र भाषाभाषीहरूको भाषा र संस्कृतिको विकाससम्बन्धी गतिविधिलाई 'सरकारविरोधी' उद्देश्यको नाम दिएर ठेस पुऱ्याउने दबाबको काम भएको हो । भाषाविना कला र संस्कृति लाटो हुन्छ । यस्तो महत्त्वपूर्ण कुरालाई श्रीमन नारायणले 'सरकारविरोधी' गतिविधि ठान्नुभयो । यही सिद्धान्त भारतमा लागू गरेको खण्डमा भारतका सयौँ हजारौँ जाति र भाषाभाषी जनताको दुर्भाग्य हुनेछ ।

श्रीमन नारायणको अर्को आविष्कार हो, चिनियाँ राजदूतावासले पैसा र माओको साहित्य वितरण गरेर मजदुर, किसान र विद्यार्थीहरूमा केही 'सेलहरू' (प्रारम्भिक कम्युनिस्ट सङ्गठनहरू) बनाउन सफल भएको छ । चिनियाँहरू नेपाललाई अन्तहीन गुरिल्ला लडाइँको अर्को भियतनाममा फेर्न चाहन्छन् । यसकारण, 'सैनिकहरूले निर्बलियो र सानो' नेपालले चीनसित डराउनुपर्छ । नेपाल सरकार बनारस बसेर काम गरिरहेका चीनसमर्थक कम्युनिस्टहरूप्रति साह्रै 'सशङ्कित' छन् । भारतका विभिन्न विश्वविद्यालयमा पढ्ने नेपाली विद्यार्थीहरूको चीन समर्थक गतिविधिलाई रोक्नुपर्छ र रुस समर्थक देखाउन खोज्ने बनारसका कम्युनिस्टहरूलाई पनि भारत सरकारले छिट्टै प्रस्ट पार्नुपर्छ ।


श्रीमन नारायण

> *नेपाल र भारतको बिचमा कहिलेकाहीँ देखापर्ने गरेको तितो-पिरोमा ऐतिहासिक कारण त अवश्य छ, त्यो ठीक हो । तर, त्यो ऐतिहासिक कारण श्रीमन नारायणले देखाउनुभएको जस्ता कदापि होइन । एक विराम छोप्न थुप्रै विरामहरू गर्नुपर्ने हुन्छ ।*

भारतीय जनता महान् जनता हुन् । संसारको मानव सभ्यताको विकास, नेपाली जनताको कला र संस्कृतिको उन्नतिमा भारतीय जनताको ठुलो योगदान छ, हामी त्यसलाई बिर्सन सक्दैनौँ । त्यस्तै भारतीय जनताको कला र संस्कृतिमा नेपाली कला र संस्कृतिको प्रभावलाई पनि अलग्ग गर्न सकिन्न । यो दोहोरो कुरो हो यसकारण, यो स्थायी पनि छ ।

श्रीमन नारायण 'भारत र नेपाल' भन्ने आफ्नो पुस्तकमा नेपाल र भारतको बिचमा बरोबर देखापर्ने तितो-पिरोको कारण नेपालका केही 'भारतविरोधी र चीन समर्थक जनसमुदायलाई' मान्नुहुन्छ । भारतविरोधी जनसमुदायको एक उदाहरण उहाँ 'नेवार' जातिलाई दिनुहुन्छ । नेवार जनसमुदाय भारतविरोधी हुनुमा उहाँ एक ऐतिहासिक कारण देख्नुहुन्छ । उहाँको भाषामा त्यो तेर्स्याउनुभएको छ । ती के हुन् ?

(क) नेपाल र भारतको बिचमा देखापरेको तितो-पिरोको मुख्य कारणलाई छोप्न उहाँले नेवार र नेपाली जनसमुदायलाई भारतविरोधी र चीन समर्थक रङ्गमा विभाजित गर्नु ।

(ख) राणा र शाहवंशलाई भारतबाट 'पसेकाहरू' भनेर नेपाली जनताले बिर्सिसकेको भेदभावको घाउको खत उप्काउन खोज्नुभयो ।

(ग) सिंहदरबार र राजदरबारका मुख्य-मुख्य पदमा बसेका 'नेवारहरू' कै कारणले भारतविरोधी र चीन समर्थक झुकाव भएको कारण बताएर सचिवालय र दरबारका माथिल्ला कर्मचारीहरूको बिचमा शङ्का र वैमनस्य फैलाउन खोज्नुभयो ।

श्रीमन नारायणको समझदारी र जालसाजीमा के उद्देश्य हुनुपर्छ ? के र 'सभ्यता' कोसेली दिएको ! यसकारण, केही नेपाली कम्युनिस्ट नेताहरू सिक्किममा 'प्रजातान्त्रिक आन्दोलन' को मात्रै 'आवश्यकता' देख्छन्, मुक्ति सङ्घर्षको होइन । उहाँहरू दूरदर्शी भएर सिक्किमलाई नै कोसेली ठान्नुभयो !) श्रीमन नारायणको भारतबाट 'पसेकाहरू' त्यस्तै एक 'कुट' शब्द हो । बेलायती साम्राज्यवादीहरूले आर्य-अनार्य, हिन्दू र मुसलमान, उत्तर र दक्षिण, मराठा र सिखु बिहारी र बङ्गाली आदि गरेर भारतीय जनतालाई फुटाएरै २ सय वर्षसम्म उपनिवेश बनाएका थिए । (ख) त्यस्तै उहाँ सिंहदरबार र राजदरबारका माथिल्ला ओहदाका कर्मचारीहरूमा शङ्का र अविश्वासको बीउ छरेर 'धमिलो पानीमा माछा मार्न खोज्नु' हुन्छ । (ग) दुई देशको बिचमा देखापरेको तितो-पिरोको सबै दोष नेपाली

# नेपालीहरू भारतविरोधी होइनन् – ४

✍ योगेन्द्रमान बिजुक्छेँ

*(वर्तमान सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले निरन्तर विवादित अभिव्यक्तिहरू दिँदै आएका छन् । विशेष गरी उनले 'अब नेपालको भारतविरोधी राष्ट्रवादको नीतिको अन्त्य भएको' घोषणा गरे । उनले के आधारमा नेपालको भारतविरोधी नीतिको कुरा उठाएका हुन् ? मन्त्री वाग्लेले आफूसँग जानकारी नै नभएको कुरा बोल्दै भारतको चाकरी गरेको धेरैले बुझेका छन् । नेपाल–भारत सम्बन्धका बारेमा भारतका पूर्वराजदूत रञ्जित रेले आफ्नो संस्मरण 'काठमाडौँ डिलेमा' मा पनि नेपालीहरू किन भारतको विरोध गर्छन् भनी गुनासो गरेका छन् । उनको भनाइलाई स्पष्ट पार्न लेखिएको केही टिप्पणीले 'मजदुर' दैनिक तथा आमपाठकलाई नेपाल भारतविरोधी होइन भन्ने बुझ्न सहयोग पुग्ने उद्देश्यले यो आलेख पुनः प्रकाशित गरिएको छ । – सम्पादक)*

**पूर्वराजदूत रञ्जित रेको जिकिर : १०. राजा महेन्द्रको कदम र नेपालमा भारतविरोधी राष्ट्रियताको विकास**

नेकाका नेता बीपी कोइरालाको नेतृत्वमा रहेको नेपाली काङ्ग्रेसले राजा महेन्द्रको प्रजातन्त्रविरोधी कदमको घोर विरोध गऱ्यो र भारतमा निर्वासनमा बस्न बाध्य भयो । सुवर्णशमशेरको नेतृत्वमा रहेको काङ्ग्रेसले सशस्त्र प्रतिरोधसमेत गऱ्यो । सन् १९४७ मा बनारसमा स्थापना भएको नेपाली काङ्ग्रेसको भारतसँग गहिरो सम्बन्ध थियो । यसका संस्थापक नेताहरू भारतीय स्वतन्त्रता आन्दोलनमा सहभागी भएका थिए र नेहरूका साथै भारतीय राष्ट्रिय काङ्ग्रेसका समाजवादी नेता जयप्रकाश नारायण र राममनोहर लोहियासँग पनि उनीहरूको निकट सम्बन्ध थियो ।

राजा महेन्द्रले प्रजातन्त्र खारेज गरेपछि भारत, विशेष गरी प्रधानमन्त्री जवाहरलाल नेहरू, त्यसको विरोधमा उभिनु स्वाभाविक थियो । तर, महेन्द्रले भारतीय विरोधलाई आफ्नो शासनविरुद्धको चुनौतीका रूपमा लिएर विभिन्न रणनीति अपनाए । यसै क्रममा नेपालमा भारतविरोधी राष्ट्रियताको विकास भयो । त्यसका प्रमुख आधारहरू निम्न थिए –

**(क) एक भाषा, एक भेषको राष्ट्रवाद र सांस्कृतिक एकरूपताको प्रयास**

राजा महेन्द्रले परम्परागत कुलीन वर्गलाई साथमा लिएर पहाडी राष्ट्रियताको नारा अघि सारे । 'एउटा भाषा, एउटा भेष, एउटा राजा, एउटा देश' भन्ने मान्यतामार्फत नेपालका विभिन्न भाषा, धर्म, जातजाति, संस्कृति र परम्परामाथि एकरूपता लाद्ने प्रयास गरे । यसले मधेसी, आदिवासी जनजाति तथा अन्य समुदायको पहिचान र संस्कृतिलाई उपेक्षा गर्दै विभेद र असन्तुष्टि बढायो ।

यसै नीतिको निरन्तरताको रूपमा मधेसमा औलो उन्मूलनपछि पूर्व-पश्चिम राजमार्ग निर्माणको क्रममा चुरे क्षेत्रका वन विनाश गरियो र राजमार्ग वरिपरि नयाँ सहर बसालिए । ती क्षेत्रमा पहाडबाट बसाइँ सरेका मानिसलाई बसोबास गराउने नीतिले तराईको जनसाङ्ख्यिक स्वरूपमा परिवर्तन ल्यायो । यसरी राज्यले पहाडी संस्कृतिलाई राष्ट्रिय पहिचानको रूपमा स्थापित गर्न खोजेको देखिन्छ ।

**(ख) भारतको आलोचनालाई भारतविरोधी राष्ट्रवादमा बदल्ने रणनीति**

राजा महेन्द्रको कदमको विरोध गर्नेहरूलाई राजतन्त्रले भारतीय दलालका रूपमा चित्रण गर्न खोज्यो । दरबारले विभिन्न वामपन्थी समूहलाई आफ्नो पक्षमा उभ्याउँदै कम्युनिस्ट नेता केशरजंग रायमाझीलाई पञ्चायतमा प्रवेश गरायो । भारतले नेपालको प्रजातन्त्रका पक्षमा गरेको विरोधलाई नेपालविरोधी अभियानका रूपमा प्रस्तुत गर्दै कम्युनिस्टहरूलाई भारतविरोधी प्रदर्शन गर्न प्रोत्साहित गरियो ।

यसरी भारतबाट नेपाललाई बचाउने नाममा राजावादी र कम्युनिस्टहरूबिच साझा राजनीतिक भाष्य निर्माण भयो । परिणामस्वरूप भारतीय दलाल र भारतीय विस्तारवादविरोधी भावना वामपन्थी राजनीतिक प्रशिक्षणको अभिन्न हिस्सा बन्न पुग्यो । लेखकका अनुसार नेपालमा भारतविरोधी राष्ट्रियता विकास हुनुको यो एउटा प्रमुख कारण थियो ।





*राजा महेन्द्रले चिनियाँ कार्डको प्रयोग होइन, आफ्नो देशलाई भारतको पराधीन नबनाउन वैकल्पिक बाटो खोजेका हुन् । आफ्नो देशको हित गर्ने राजा वा प्रधानमन्त्रीलाई भारतले जहिले पनि चीनसँग नजिक भएको र कम्युनिस्ट देख्नु भारतीय सरकारको दृष्टिदोष मात्र हो भन्दा अतिशयोक्ति नहोला ।*

**(ग) हिन्दू राष्ट्रवाद र राजतन्त्रबिचको सम्बन्ध विस्तार**

राजा महेन्द्रले भारत सरकारविरोधी भारतीय हिन्दू शक्तिहरूको समर्थन जुटाउन हिन्दू भावनाको उपयोग गरे । बीपी कोइरालाका निजी सचिवसमेत रहेका तुलसी गिरीलाई पञ्चायत व्यवस्थाको पहिलो प्रधानमन्त्री बनाइयो । गिरीले आफूले नै नेपाललाई हिन्दू राष्ट्र बनाउने प्रस्ताव राजासमक्ष राखेको कुरा लेखकलाई बताएका थिए ।

यसपछि दरबार र भारतका हिन्दू सङ्गठनहरूबिच सम्बन्ध विस्तार हुँदै गयो । विश्व हिन्दू परिषद्सँग सम्बन्धित विश्व हिन्दू महासङ्घले राजा वीरेन्द्रलाई 'विश्व हिन्दू सम्राट' घोषणा गरेको थियो । सन् १९६२ को संविधानपछि मात्र नेपाललाई औपचारिक रूपमा हिन्दू राष्ट्र घोषणा गरिएको थियो । यसरी राजतन्त्र र हिन्दू राष्ट्रको अवधारणालाई एकअर्काका परिपूरकका रूपमा स्थापित गरियो ।

**(घ) भारतसँगको सम्बन्ध सन्तुलन गर्न चीन कार्डको प्रयोग**

भारतसँगको सम्बन्धमा देखिएको असन्तुलन कम गर्न राजा महेन्द्रले चीनसँगको सम्बन्ध विस्तार गरे । काठमाडौँ-कोदारी राजमार्ग निर्माण गरी नेपाललाई तिब्बतसँग जोड्नुका साथै सन् १९६१ मा चीनसँगको सीमा विवाद समाधान गरे । चीनसँगको निकटता बढाउने क्रममा माओका साहित्यसमेत नेपालमा खुला रूपमा उपलब्ध गराइयो ।

सन् १९६९ मा प्रधानमन्त्री कीर्तिनिधि विष्टले नेपाल-तिब्बत सीमामा रहेका १७ वटा भारतीय सैनिक चेकपोस्ट हटाउन लगाए । ती चेकपोस्ट सन् १९५१ मा स्थापना गरिएका थिए । यसरी नेपालले भारतसँगको सम्बन्धमा सन्तुलन कायम गर्न चीनलाई तेस्रो शक्तिका रूपमा उपयोग गऱ्यो ।

**(ङ) सिक्किम विलयको त्रास र शान्ति क्षेत्रको प्रस्ताव**

सन् १९७५ मा भारतले सिक्किमलाई आफ्नो भूभागमा विलय गराएपछि नेपालमा पनि त्यस्तै हुन सक्ने आशङ्का बढ्यो । यही त्रासका कारण नेपालले भारत र चीनसँग समान दूरी कायम राख्ने उद्देश्यसहित शान्ति क्षेत्रको प्रस्ताव अघि सार्‍यो । यस प्रस्तावलाई धेरै मुलुकको समर्थन प्राप्त भए पनि भारतको विरोधका कारण कार्यान्वयन हुन सकेन र पञ्चायत व्यवस्थाको अन्त्यसँगै यो प्रस्ताव पनि निष्क्रिय भयो ।

नेपालमा यस्तो आशङ्का सन् २०१५ मा रुसले क्रिमियालाई आफ्नो भूभागमा गाभेपछि पनि देखियो । विशेष गरी तराईका मधेसी समुदायको भारतसँगको सामाजिक तथा पेन्सनबाट नेपालमा तुलनात्मक रूपमा सहज जीवन बिताउने गरेका छन् । युवा उमेरमै सैनिक सेवामा प्रवेश गर्ने भएकाले अवकाशपछि पनि उनीहरू देशका लागि योगदान गर्न सक्ने अवस्थामा हुन्छन् ।

संविधानसभाको निर्वाचनअघि लेखकले अन्तरिम सरकारका प्रमुख खिलराज रेग्मीलाई निर्वाचनमा आवश्यक पर्ने म्यादी प्रहरीका रूपमा अवकाश प्राप्त गोर्खा सैनिकलाई परिचालन गर्न सुझाव दिएका थिए । तर, भारत सरकारप्रति उनीहरूको सम्भावित बफादारीलाई ध्यानमा राखेर यस्तो प्रस्ताव कार्यान्वयन गर्न सरकारले हिचकिचाएको हुनसक्ने लेखकको अनुमान छ ।

*भारतको प्रायोजनमा गराइएको दिल्ली सम्झौताको विरोधमा डा. के.आई. सिंहले विद्रोह गरेकै थिए । २००७ सालपछि भारतले नेपालको राजनीतिक मामिलामा थालेको हस्तक्षेपकारी नीतिले नै नेपाली भारतप्रति रुष्ट हुँदै गएको हो । यस्तो परिवेशमा नेपाली भएर नेपालको स्वार्थभन्दा भारतीय स्वार्थका लागि काम गर्ने जोकोहीलाई भारतीय दलाल भनिनुमा आश्चर्य मान्नुपर्दैन ।*

**(छ) नेपालको राजनीतिक परिवर्तनमा भारतको भूमिका र कुलीन वर्गको असन्तुष्टि**

नेपालमा भारतविरोधी राष्ट्रिय भावना प्रबल हुनुको अर्को कारण नेपालको राजनीतिक परिवर्तनमा भारतको निरन्तर अनुसार नेपालको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतामाथि भारतबाट खतरा रहेको भाष्य निर्माण गर्ने काम मुख्यत: यही कुलीन वर्गले गरेको हो ।

*(लेखकका विचारमाथि आलोचनात्मक टिप्पणी निम्नानुसार प्रस्तुत गरिएको छ ।)*

**बुँदा १० (३) का सम्बन्धमा :**

**१. अन्तर्राष्ट्रिय जनसङ्घर्ष र क्रान्तिको प्रभाव तथा नेपालको प्रजातान्त्रिक आन्दोलनमा भारतको भूमिका**

एउटा कुनै अमुक देशमा हुने जनसङ्घर्ष, आन्दोलन वा क्रान्तिको भौतिक वा वैचारिक प्रभाव कुनै अर्को देशमा पर्ने गरेको इतिहासका घटनाक्रमहरूले देखाउँछन् । छिमेकमा त्यसको प्रभाव प्रबल हुनु त अझ स्वाभाविक नै छ । अठारौँ शताब्दीको उत्तरार्द्धमा भएको अमेरिकी स्वतन्त्रता सङ्ग्रामले फ्रान्सेली राज्यक्रान्ति हुन सघायो । पहिलो विश्वयुद्धले जारकालीन रुसमा अक्टोबर क्रान्ति हुन पृष्ठभूमि तयार गर्‍यो । अक्टोबर क्रान्तिले संसारका धेरै देशमा अन्य समाजवादी आन्दोलन तथा उपनिवेशवादविरोधी आन्दोलनलाई हौस्यायो । दोस्रो विश्वयुद्धले भारत स्वतन्त्र हुने र चीनमा समाजवादी शासन स्थापना हुने वातावरण तयार भयो । यसरी नै भारतको स्वतन्त्रताले नेपालमा पनि निरङ्कुश जहानियाँ राणा शासनलाई फाली प्रजातन्त्रको स्थापना गर्नसक्ने सम्भावना उत्पन्न भयो । तर, भारतकै कारणले नेपालमा राणा शासनको अन्त्य भएको दाबी गर्नु अतिशयोक्ति हुन्छ । मुक्तिसेनाले राणा शासनमाथि करिब-करिब हाबी भइसकेको अवस्थामा उल्टै भारतले हस्तक्षेप गरी आफ्नो स्वार्थ सिद्ध गर्न दिल्ली सम्झौता गराएको सर्वविदितै छ ।

**२. पूर्व-पश्चिम राजमार्ग निर्माण : राष्ट्रिय स्वाधीनता र आत्मनिर्भरताको आधार**

राजा महेन्द्रको पहलमा निर्माण भएको पूर्व-पश्चिम राजमार्गलाई लेखकले धेरै शङ्का र आशङ्काको दृष्टिमा व्याख्या गर्न खोज्नु जायज होइन । त्यसबेला नेपालले आफ्नै भूभागबाट अर्को भूभागमा जानुपर्दा भारतीय सीमाबाट जानुपर्ने बाध्यता थियो । यो पराधीनतालाई चिर्न यस राजमार्गको निर्माण गराउनु देशको हितमा भएकोमा कुनै आशङ्का छैन । राजा महेन्द्रले नेपालकै हितमा सोच्ने हो, भारतको होइन । राजा महेन्द्रले देशलाई आत्मनिर्भर बनाउन अगाडि बढाएका योजना र नीतिप्रति लेखकको आशङ्का न्यायोचित छैन ।

**३. नेपालको आन्तरिक राजनीतिमा भारतीय हस्तक्षेप र नेपाली वामपन्थीहरूको विरोध**

भारतले राजा महेन्द्रको राजनीतिक कदमको आलोचनालाई उनले भारतविरोधी अभियानको रूपमा लिई नेपालका वामपन्थी र कम्युनिस्टहरूलाई उचालेको भन्ने सम्बन्धमा लेखकसँग नेपालको इतिहासको ज्ञान कम र कम्युनिस्टविरोधी भावना प्रबल देखिन्छ । नेपाली वामपन्थीहरूले अमेरिकी साम्राज्यवादले भियतनाममा गरेको आक्रमणको पनि निरन्तर विरोध गर्दै आएका थिए । रुसी साम्राज्यवादको अफगानिस्तान हस्तक्षेपको पनि विरोध गरेकै थिए । अन्यायपूर्ण कदमको विरोध गर्न कोही कम्युनिस्ट हुनुपर्दैन । भारतको प्रायोजनमा गराइएको दिल्ली सम्झौताको विरोधमा डा. के.आई. सिंहले विद्रोह गरेकै थिए । सात सालपछि भारतले नेपालको राजनीतिक मामिलामा थालेको हस्तक्षेपकारी नीतिले नेपालीहरू भारतप्रति रुष्ट हुँदै गएको हो । यस्तो परिवेशमा नेपाली भएर नेपालको स्वार्थभन्दा भारतीय स्वार्थका लागि काम गर्ने जोकोहीलाई भारतीय दलाल भनिनुमा आश्चर्य मान्नुपर्दैन । भारतीय शासकहरूको डीएनएमा नेपाललाई थिचोमिचो गर्ने कुत्सित मनसाय भएसम्म उनीहरूले नेपालीको डीएनएमा भारतीय दलालको स्कुलिङ पाउनेछन् ।

**४. राजा महेन्द्रको चीनसँगको सम्बन्ध : पराधीनताको विकल्प कि 'चिनियाँ कार्ड' ?**

राजा महेन्द्रले चिनियाँ कार्डको प्रयोग होइन, आफ्नो देशलाई भारतको पराधीन नबनाउन वैकल्पिक बाटो खोजेका हुन् । आफ्नो देशको हित गर्ने राजा वा प्रधानमन्त्रीलाई भारतले जहिले पनि चीनसँग नजिक भएको र कम्युनिस्ट देख्नु भारतीय सरकारको दृष्टिदोष मात्र हो भन्दा अतिशयोक्ति नहोला ।

**५. नेपालका राजतन्त्र र भारतीय हिन्दूवादी शक्तिबिचको सम्बन्ध : राजनीतिक स्वार्थको प्रश्न**

नेपाल र भारतबिच सामाजिक र सांस्कृतिक सम्बन्धको बारेमा लेखकले धेरै ठाउँमा उल्लेख गरेका छन् । यही आधारमा नै हिन्दूवादीहरूको सम्बन्ध नेपालका राजासँग हुन गएको होला र यसलाई राजनीतिक लेपन लगाउनु कति जायज होला ? त्यसो त भारतमा भाजपाको सरकार गठन भएमा नेपालमा फेरि निरङ्कुश राजतन्त्र स्थापना हुने अड्कल पनि नगरिएको होइन । त्यसमा नेपालका राजाको भन्दा भाजपाको स्वार्थ देखिन्छ । त्यसैले होला, उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथले नेपालका राजासँग सम्बन्ध बढाउने प्रयास गरेको मिडियाले बेलाबेला छापिरहन्छ ।


**६. सिक्किम र क्रिमियाको उदाहरण : नेपालको सन्दर्भमा लेखकको अस्पष्ट विश्लेषण**

सिक्किम र क्रिमियाको प्रसङ्ग लेखकले उल्लेख त गरे तर नेपालसँग त्यस मुद्दाको केही सरोकार छ वा छैन भन्नेबारे लेखकले प्रस्ट पारेका छैनन् । सिक्किमको घटना नेपालमा यी यी कारणले हुनेछैन भनेर उनले केही तर्क गर्न सकेका छैनन् ।

*अठारौँ शताब्दीको उत्तरार्द्धमा भएको अमेरिकी स्वतन्त्रता सङ्ग्रामले फ्रान्सेली राज्यक्रान्ति हुन सघायो । पहिलो विश्वयुद्धले जारकालीन रुसमा अक्टोबर क्रान्ति हुन पृष्ठभूमि तयार गर्‍यो । अक्टोबर क्रान्तिले संसारका धेरै देशमा अन्य समाजवादी आन्दोलन तथा उपनिवेशवादविरोधी आन्दोलनलाई हौस्यायो । दोस्रो विश्वयुद्धले भारत स्वतन्त्र हुने र चीनमा समाजवादी शासन स्थापना हुने वातावरण तयार भयो ।*



# प्रजग कोरियाद्वारा एआईयुक्त ड्रोन र रकेट प्रदर्शन




सियोल, ३० अक्टोबर (एएनआई)। प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा आधारित ड्रोन र पहिलोपटक ६०० मिलिमिटर क्षमताको 'स्नाइपर' बहुप्रक्षेपक रकेट प्रणाली सार्वजनिक गरेको छ। नेता किम जोङ उनले ड्रोन प्रविधिमा पूर्ण श्रेष्ठता हासिल गर्न निर्देशन दिनुभएको छ।

सरकारी समाचार संस्था केसीएनएका अनुसार बिहीबार किमको उपस्थितिमा आयोजित सैन्य प्रदर्शनीमा आत्मघाती ड्रोन, क्रुज क्षेप्यास्त्र र बहुउद्देश्यीय मानवरहित विमान प्रस्तुत गरिएका थिए। ती हतियारले टापुका लक्ष्यमा शतप्रतिशत सटीकताका साथ प्रहार गरेको उत्तर कोरियाको दाबी छ।

प्रदर्शनीका क्रममा ६०० मिलिमिटरका रकेट तथा ड्रोनबाट दक्षिण कोरियाली सैनिक चौकी र अमेरिकी एम१ अब्राम्स ट्याङ्कका नमुना लक्ष्यमा आक्रमण गरिएको तस्बिर सार्वजनिक गरिएको छ।

किमले आणविक हतियार सम्पन्न राष्ट्रका रूपमा प्रजग कोरियाले परम्परागत हतियारको आधुनिकीकरणसँगै कृत्रिम बौद्धिकता र ड्रोन प्रविधिको विकासलाई तीव्रता दिनुपर्ने बताउनुभएको छ।

एक दिनअघि कोरियाली जनसेनाले प्रजग कोरियाको वोनसान क्षेत्रबाट पूर्वी सागरतर्फ प्रहार गरिएका करिब १० वटा छोटो दुरीका ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो। ती क्षेप्यास्त्र करिब २५० किलोमिटर टाढासम्म पुगेका थिए। यस वर्ष प्रजग कोरियाले गरेको यो १७ औँ क्षेप्यास्त्र परीक्षण हो।

# नेतन्याहुको गठबन्धन बहुमतबाट टाढा

जेरुसेलम, ३० अक्टोबर (एएनआई)। इजरायलको केन्द्रीय निर्वाचन समितिले चुनावको अन्तिम परिणाम सार्वजनिक गर्दै प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा रहेको गठबन्धनले सरकार गठनका लागि आवश्यक बहुमत प्राप्त गर्न नसकेको जनाएको छ। नेतान्याहु समर्थक समूहले ५३ सिट जितेको छ भने नयाँ नेसेटले नोभेम्बर १० मा शपथ लिने कार्यक्रम छ।

द टाइम्स अफ इजरायलका अनुसार नेतान्याहुको लिकुड पार्टी २७ सिटसहित सबैभन्दा ठुलो दल बनेको छ। गदी आइसेनकोट नेतृत्वको याशरले २१, बी'याचडले १२ र संयुक्त सूचीले ११ सिट जितेका छन्। डेमोक्रेट्स र रामले आठ-आठ तथा अन्य तीन दलले सात-सात सिट प्राप्त गरेका छन्। सास र रिलिजियस जियोनिज्मले छ-छ सिट जितेका छन्। नेतान्याहुविरोधी समूहले ४८ र अरब दलहरूले १९ सिट प्राप्त गरेका छन्। निर्वाचनमा ७७.९ प्रतिशत मतदाताले मतदान गरेका थिए।

अन्तिम आधिकारिक परिणाम नोभेम्बर ४ मा राष्ट्रपति आइज्याक हर्जोगसमक्ष पेस गरिनेछ। उहाँले सरकार गठनको सम्भावना बढी भएको उम्मेदवार छनोट गर्न दलका प्रतिनिधिसँग परामर्श गर्नुहुनेछ। सरकार गठनमा असफलता भए अर्को नेताले अवसर पाउन सक्नेछ भने निर्धारित समयभित्र प्रक्रिया पूरा नभए पुनः निर्वाचन हुन सक्छ।

सरकार गठनका लागि विपक्षी दलहरूबिच पनि समीकरणको खोजी भइरहेको छ। च्यानल १२ न्युजका अनुसार अरब दलहरूको बाह्य समर्थनमा याशर नेता आइसेनकोटको नेतृत्वमा अल्पमतको सरकार बनाउने सम्भावनाप्रति राम पार्टीका नेता मन्सुर अब्बासले शङ्का व्यक्त गर्नुभएको छ। अरबबहुल दललाई समावेश गर्ने विषयमा डेमोक्रेट्सले मात्रै खुलापन देखाएको द टाइम्स अफ इजरायलले जनाएको छ।

लिकुडसहितको राष्ट्रिय एकता सरकार बनेमा आइसेनकोट, टुगेदर आन्दोलनका नेता नफ्ताली बेनेट र इजरायल बेटेनुका नेता अभिग्डोर लिबर्मनको सहभागितामा सैद्धान्तिक रूपमा ६६ सिटको समर्थन जुट्न सक्छ। तर, नेतान्याहुलाई सत्ताबाट हटाउने विपक्षीको प्रतिबद्धता र उनको अति दक्षिणपन्थी तथा अति रूढिवादी सहयोगीहरूमाथिको निर्भरताका कारण यस्तो समीकरण तत्काल सम्भव देखिएको छैन। अल्पमतको सरकार गठनको प्रयासमा भने अरब दलहरूको समर्थन निर्णायक हुन सक्छ।

# जापानको टीबीएसले बहाना बनाउनुको सट्टा पश्चात्ताप गर्नुपर्छ

पेइचिङ, ३० अक्टोबर (सिआरआई)। जापानी टीबीएस (टोकियो ब्रोडकास्टिङ सिस्टम) मा प्रसार भइरहेको नाटक 'भिभान्ट' को दोस्रो सिजनले सार्वजनिक रूपमा चीनलाई होच्याएको छ। अक्टोबर २८ का दिन जापानी टीबीएसका अध्यक्ष युहो मासामिनेले 'पूर्ण रूपमा काल्पनिक' "कुनै पनि देशलाई लक्षित नगरेको" भने भनाइद्वारा उक्त नाटक मञ्चन गर्न खोजेका छन् जसप्रति जापान र अन्तर्राष्ट्रिय जगतबाट अझ कडा आलोचना गरिएको छ।

सबैलाई थाहा छ, दोस्रो विश्वयुद्धमा जापानी सैन्यवादले चीनको अतिक्रमण गरेर मानवताविरुद्धको भयङ्कर अपराध गर्यो। तर, उक्त नाटकले जब जापानी सेनाले जापानको आक्रमणविरुद्ध चिनियाँ साहसी व्यक्तिप्रति गरेको क्रूर यातनालाई चिनियाँहरूकोमा सारेको छ। जसले अपराधी र पीडितको इतिहास उल्ट्याएको छ। यो 'काल्पनिक' होइन, यो दोषारोपण हो!

यो 'कथाको आवश्यकता' होइन, तर जापानी दक्षिणपन्थीहरूले चीनविरुद्धको चेतना युद्धमा प्रयोग गरेको निन्दनीय उपाय हो, जसले सांस्कृतिक उत्पादनमार्फत चीनलाई बदनाम गर्ने र चीनविरोधी भावना फैलाउने प्रयासलाई उजागर गर्छ।

टीबीएसको पृष्ठभूमिबाट हेर्दा, यद्यपि यो एक निजी व्यावसायिक टेलिभिजन स्टेसन हो, वास्तवमा जापान सरकारको रणनीतिसँग गहिरो रूपमा जोडिएको छ। यो नाटक कुनै 'साहित्यिक सिर्जना' होइन, बरु साहित्यिक लुगा लगाएको राजनीतिक उपकरण हो।

अझै भित्र हेर्दा, चलचित्र र टेलिभिजन नाटकको प्रयोग गरेर चीनलाई होच्याउने प्रयास, जापानी दक्षिणपन्थीले इतिहास संशोधनवाद अगाडि बढाउने एउटा भाग हो। जापानी दक्षिणपन्थीहरू इतिहास झुक्याउँदै अझ कथित 'जापान-चीन सैन्य सङ्घर्ष' वा 'नानचिङको पतन' जस्ता स्पष्ट गलत इतिहास दृष्टिकोण फैलाउँदैछन्।

जापानी दक्षिणपन्थको अर्को गहिरो उद्देश्य 'पुनः सैन्यीकरण' को बाटो तयार गर्नु हो र नयाँ प्रकारको सैन्यवाद अघि बढाउन वातावरणको सिर्जना गर्नु हो। जापानको 'नयाँ प्रकारको सैनिकवाद' र चेतनात्मक युद्ध एक अर्कासँग सहयोग गर्दै युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थामाथि निरन्तर चुनौती दिँदैछन्। यसले क्षेत्रीय र विश्व शान्ति तथा स्थिरतामा वास्तविक खतरा निम्त्याएको छ।

अहिले टीबीएसले गर्नुपर्ने कुरा आफ्नो गल्ती लुकाउन बहाना बनाउनु होइन, उचित रूपमा इतिहासको सामना गर्नु, सदिच्छापूर्वक रूपमा पश्चाताप गर्नु, सम्बन्धित नाटक प्रसारण रोक्नु र चिनियाँ जनतालाई माफी माग्नु हो।

**हार्दिक समवेदना**



जन्म : १९९८/०२/३१
निधन: २०८३/०७/११

यस संस्थाका सञ्चालक समितिका सदस्य रामभक्त दुमरुकी पूजनीय माता **मिश्री दुमरू**को असामयिक निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सञ्चालक समिति**
**सिद्धि कृषि सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर

## विश्व सङ्क्षेप

# पार्टी स्वशासनसम्बन्धी प्रस्तावमा सीको निर्णायक भूमिका

पेइचिङ, १३ कार्तिक (सिन्हुवा)। चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का महासचिव सी चिनफिङले पार्टीभित्र पूर्ण र कठोर स्वशासन लागू गर्ने विषयमा तयार पारिएको महत्त्वपूर्ण प्रस्तावको मस्यौदामा निर्णायक भूमिका निर्वाह गर्नुभएको छ।

सीपीसी केन्द्रीय समितिको नीति अनुसन्धान कार्यालयका प्रमुख ताङ फाङ्युले उक्त प्रस्ताव पार्टीको २० औँ केन्द्रीय समितिको पाँचौँ पूर्ण अधिवेशनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभएको छ।

अक्टोबर २६ देखि २९ सम्म पेइचिङमा सम्पन्न पूर्ण अधिवेशनका निर्णयबारे आयोजित पत्रकार सम्मेलनमा उहाँले प्रस्तावको मस्यौदा पार्टी केन्द्रीय समितिको नेतृत्वमा तयार पारिएको जानकारी दिनुभयो। सीले मस्यौदा समितिको नेतृत्व गर्दै दस्ताबेजको योजना निर्माण, तयारी प्रक्रियाको निर्देशन र समग्र दृष्टिकोण निर्धारणमा व्यक्तिगत रूपमा भूमिका खेल्नुभएको ताङले बताउनुभयो।

उहाँका अनुसार प्रस्तावले पार्टीभित्र पूर्ण र कठोर स्वशासन कायम गर्न आवश्यक दृढता, तात्कालिकता र समग्र प्राथमिकता स्पष्ट पारेको छ। यसमा सम्बन्धित काम अघि बढाउन सातवटा खण्डमा विस्तृत कार्ययोजना पनि समेटिएका छन्।

प्रस्तावमा पार्टी तथा राज्यको अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउने र पार्टीभित्र पूर्ण तथा कठोर स्वशासन लागू गर्ने राजनीतिक जिम्मेवारी सुनिश्चित गर्ने विषयसमेत समावेश गरिएको ताङले बताउनुभयो।

# जी-२० बैठकमा सहभागी हुन लाभरोभ एटलान्टामा

एटलान्टा, ३० अक्टोबर (एएनआई)। रुसी विदेशमन्त्री सेर्गेई लाभरोभ जी-२० विदेशमन्त्रीस्तरीय बैठकमा सहभागी हुन शुक्रबार अमेरिकाको एटलान्टा पुग्नुभएको छ। अक्टोबर ३० र ३१ मा हुने बैठकमा विश्वव्यापी अर्थतन्त्र, भू-राजनीतिक तनाव र सुरक्षा चुनौतीबारे छलफल हुनेछ।

स्युतनिकका अनुसार लाभरोभले अमेरिकी विदेशमन्त्री मार्को रुबियो, युरोपेली सङ्घ (ईयू) की विदेश नीति प्रमुख काजा कालास र चीनलगायत देशका प्रतिनिधिसँग भेटवार्ता गर्नुहुनेछ। बैठकमा आपूर्ति शृङ्खलाको अवरोध, समुद्री आवागमनको स्वतन्त्रता तथा ऊर्जा र खाद्य सुरक्षाका विषयमा छलफल हुने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ।

भारतका विदेशमन्त्री एस जयशङ्करले पनि बैठकमा सहभागी भई क्वाड विदेशमन्त्रीस्तरीय बैठक तथा द्विपक्षीय छलफलमा भाग लिनुहुनेछ। त्यसपछि उहाँले नोभेम्बर १ देखि ४ सम्म एन्टिगुवा र बारबुडामा हुने राष्ट्रमण्डल सरकार प्रमुखहरूको बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुनेछ।

एटलान्टाको बैठकले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आगामी जी-२० नेताहरूको शिखर सम्मेलनका लागि आर्थिक एजेन्डा तय गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

जी-२० मा १९ देश तथा युरोपेली सङ्घ (ईयू) र अफ्रिकी सङ्घ सदस्य छन्। यसले विश्वको कुल गार्हस्थ उत्पादनको करिब ८५ प्रतिशत, अन्तर्राष्ट्रिय व्यापारको ७५ प्रतिशतभन्दा बढी र विश्व जनसङ्ख्याको दुई तिहाइ प्रतिनिधित्व गर्छ। यसको अध्यक्षता सदस्य राष्ट्रहरूले आलोपालो गर्दै आएका छन्।

# भुटानमा हिमताल विस्फोट तातोपानी कुण्ड र सडक बगायो

गासा (भुटान), ३० अक्टोबर (एएनआई)। भुटानको उत्तरी गासा जिल्लास्थित सिन्टाफु हिमताल विस्फोटपछि आएको बाढीले प्रसिद्ध गासा त्साचु तातोपानी कुण्ड बगाएको छ भने पुनाखा-गासा राजमार्गको एक खण्ड पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। घटनापछि अधिकारीहरूले क्षतिको विवरण सङ्कलन र जोखिमको मूल्याङ्कन गरिरहेका छन्।

डेली भुटानका अनुसार बिहीबार साँझ लुङ्गो, लया गेओगस्थित वाकिला पहाडनजिकको तालबाट पानी बाहिरिएको थियो। राति करिब ८:१५ बजे बाढीको पानी ताकत्सेमाखाङ पुगेपछि लयाको दुर्गम बस्ती जोड्ने सडकमा क्षति पुगेको थियो। राजमार्गको करिब ३१.८५ किलोमिटर खण्ड बगेपछि अर्को सूचना जारी नभएसम्म यातायात बन्द गरिएको छ। यात्रुलाई अत्यावश्यक नभए यात्रा स्थगित गर्न आग्रह गरिएको छ।

सम्भावित जोखिम क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको र चेतावनी साइरन बजाइएको थियो। शुक्रबार बिहानसम्म मानवीय क्षति भएको खबर छैन। तालबाट निस्किएको पानीको मात्रा र क्षतिको पूर्ण विवरण भने पुष्टि हुन बाँकी छ। सिन्टाफु तालको पानी मो छु नदी हुँदै पुनाखा पुग्छ, जहाँ फो छु नदीसँग मिसिएर पुनात्साङछु बन्छ। यो नदी पछि सङ्कोशका नाउँमा भारत प्रवेश गर्छ। त्यसैले, भारतको उत्तर बङ्गाल क्षेत्रमा पनि सतर्कता अपनाइएको छ।

सिन्टाफु भुटानका १७ सम्भावित जोखिमयुक्त हिमतालको सूचीमा रहेको ताल हो। सन् २०२३ मा भुटानी विज्ञहरूले यसको अध्ययन गरी ताल, प्राकृतिक बाँध र पानी आपूर्ति गर्ने हिमनदीको अवस्था जाँच गरेका थिए। जोखिम निगरानीका लागि उपकरणसमेत जडान गरिएको थियो। सूचीमा समावेश हुनुको अर्थ विस्फोट निश्चित हुनु नभई निरन्तर निगरानी आवश्यक हुनु हो। यसैबिच, भारतको केन्द्रीय जल आयोगले बाढीको जोखिमलाई ध्यानमा राख्दै पश्चिम बङ्गाल र असमका लागि विशेष सतर्कता जारी गरेको छ। आयोगले अलिपुरद्वार र धुब्री जिल्लामा पानीको सतह अचानक बढ्न सक्ने चेतावनी दिँदै सङ्कोश नदीको जलस्तर निगरानी गर्न र सावधानी अपनाउन स्थानीय अधिकारीहरूलाई आग्रह गरेको छ।

# योजनाबिनाको पढाइ !

✍ इकुश्रे

पाहुना आउँछन् भन्ने थाहा भएपछि भान्सेले कति जनाका लागि भात पकाउने भनेर सङ्ख्या यकिन गर्छन् । पाहुना दस जना आउँदै छन् तर चौध जनाका लागि पकाइयो भने अन्न खेर जान्छ । चार जनाका लागि मात्र पकाइयो भने फेरि ६ जना भोकै पर्लान् । चुलोको यो साधारण हिसाब हाम्रो राज्यले शिक्षामा भने जानेको देखिँदैन ।

हरेक वर्ष हजारौँ विद्यार्थी विभिन्न विषयमा शैक्षिक उपाधि हासिल गर्छन् । स्नातक र स्नातकोत्तर तह पार गर्छन् । तर, देशलाई कुन क्षेत्रमा कति जनशक्ति चाहिन्छ भनेर सोधियो भने सरकारसँग भरपर्दो जवाफ छैन । कति डाक्टर चाहिन्छन् ? कति शिक्षक ? कति इन्जिनियर, कति कृषिविज्ञ, कति नर्स, विभिन्न क्षेत्रका कति प्राविधिक ? यी प्रश्नको उत्तर खोजेर शिक्षा नीति बनाइएको भए आज विश्वविद्यालयबाट निस्केका युवा रोजगारी खोज्दै त्रिभुवन विमानस्थलको लाइनमा उभिनुपर्ने थिएन ।

लाइन कति लामो छ, तथ्याङ्कले देखाउँछ । गत आर्थिक वर्षमा करिब ७ लाख ९२ हजार श्रम स्वीकृति जारी भए, जसमा चार लाखभन्दा बढी पहिलोपटक जानेहरू थिए । यो सङ्ख्या लगातार तेस्रो वर्ष आठ लाखको हाराहारीमा छ । यसमा नवीकरण पनि पर्छ, तर पहिलोपटक जानेहरूलाई मात्र हेर्दा पनि दिनको औसत एक हजारभन्दा बढी नेपाली नयाँ श्रमिक बनेर विदेश उडिरहेका छन् ।

यसो हुनुको जड शिक्षाको ढाँचामा छ । हामीकहाँ शिक्षा 'आपूर्ति' का आधारमा चल्छ, 'माग' का आधारमा होइन । कलेज खोल्न सजिलो छ, सीट थप्न सजिलो छ, विद्यार्थी भर्ना गर्न त झन् सजिलो छ । तर, पढाइसकेपछि ती विद्यार्थीले कहाँ काम गर्ने भन्ने प्रश्न कसैको जिम्मेवारीमा पर्दैन । कलेजले शुल्क पाउँछ, विद्यार्थीले प्रमाणपत्र पाउँछ, राज्यले 'पहुँच बढ्यो' भन्ने तथ्याङ्क पाउँछ । घाटामा भने त्यो युवा पर्छ, जसले चार-पाँच वर्ष र परिवारको कमाइ लगानी गरेर पनि देशको बजारमा आफ्नो ठाउँ भेट्दैन । बाबुआमाले खेत धितो राखेर, गाईवस्तु बेचेर पढाएका छोराछोरी प्रमाणपत्र च्यापेर भौँतारिनु, यो कुन विकासको सूचक हो ?

परिणाम दुई विरोधाभासी दृश्यमा देखिन्छ । एकातिर, देशको बेरोजगारी दर १२.६ प्रतिशत छ र १५ देखि २४ वर्षका युवामा त २२.७ प्रतिशत । अर्कोतिर, दुर्गमका स्वास्थ्यचौकीमा चिकित्सक छैनन्, विद्यालयमा रिक्त भएको विषयगत शिक्षकका लागि दर्जनपटक विज्ञापन खोल्दा उम्मेदवार हुँदैनन् । निर्माण र उद्योगमा दक्ष प्राविधिक भेटिँदैनन् । यसरी हेर्दा, जनशक्ति बढी पनि छ र अभाव पनि छ । एउटै देशमा यी दुवै कुरा एकसाथ हुनु संयोग होइन, योजनाविहीनताको प्रत्यक्ष परिणाम हो ।

अनि हामी भन्छौँ, 'युवा विदेश गए ।' तर, कति युवा आफ्नै देशमा काम पाएर पनि विदेश रोजेका हुन्, कति काम नपाएर बाहिरिए, यो फरक छुट्याउनु जरुरी छ । सपना खोज्दै बाहिर जानु एउटा कुरा हो, देशभित्र अवसर नभएर निस्कनुपर्नु अर्को । पहिलो स्वतन्त्रता हो, दोस्रो बाध्यता । आज धेरै युवाको यात्रा दोस्रो किसिमको छ, तर हामी त्यसलाई पहिलो ठानेर चित्त बुझाउँछौँ ।

हामीले विदेश जानुलाई नै उपलब्धि पनि बनाइदिएका छौँ । रेमिट्यान्स अहिले अर्थतन्त्रको ठुलो आधार हो, जुन कुल गार्हस्थ उत्पादनको एकतिहाइभन्दा बढी बराबर बताइन्छ । तर, यो वर्ष पश्चिम एसियामा तनाव बढेपछि सरकारले १२ देशका लागि श्रम स्वीकृति निलम्बन गर्नुपऱ्यो । अर्काको देशको शान्तिमा टिकेको अर्थतन्त्रले आफ्ना युवाको भविष्य सुरक्षित छ भन्न सक्दैन । जसलाई वर्षौँ लगाएर पढायौँ, उसले आफ्नो सीप अर्कै देशको विकासमा खर्चिन्छ । यो आफ्नो बीउ अर्काको खेतमा रोपेजस्तै हो । बीउ हामीले जोगायौँ, हुर्कायौँ, फल अरूले खायो ।

यस सन्दर्भमा यहाँ एउटा तर्क आउँछ र त्यसलाई गम्भीरतासाथ सुन्नुपर्छ, "शिक्षा विद्यार्थीको स्वतन्त्रता हो, उसले जे मन लाग्छ त्यही पढ्न पाउनुपर्छ, राज्यले योजना बनाएर विषय तोक्नु उचित होइन ।" यो तर्कमा दम छ । कसैलाई जबरजस्ती इन्जिनियर बन्न लगाउन सकिन्न, कविता पढ्न चाहनेलाई रोक्न पनि सकिन्न । साहित्य, दर्शन र समाजशास्त्रले पनि देशलाई बौद्धिक आधार दिन्छन् । जनशक्ति योजनाको नाममा विषयको स्वतन्त्रता कुल्चिनु अर्को गल्ती हो । तर, योजना भनेको प्रतिबन्ध होइन, दिशानिर्देश हो । विद्यार्थीलाई स्पष्ट जानकारी दिन सकिन्छ : यो क्षेत्रमा पाँच वर्षपछि कति रिक्तता आउँछ, त्यो क्षेत्र पहिल्यै भरिइसकेको छ । जानकारी पाएको विद्यार्थीले निर्णय आफैँ गर्छ, तर अन्धकारमा हिँड्दैन । जुन क्षेत्रमा देशलाई तत्काल धेरै जनशक्ति चाहिन्छ, त्यहाँ छात्रवृत्ति र प्रोत्साहनले आकर्षण बढाउन सकिन्छ । आँखा बन्द गरेर हिँड्न दिनु स्वतन्त्रता होइन, उपेक्षा हो ।

**त्यसो भए अब के गर्ने त ?**

पहिलो, पालिका तहसम्म जनशक्ति नक्साङ्कन गरी राष्ट्रिय जनशक्ति सर्वेक्षण नियमित र सार्वजनिक गरिनुपर्छ । कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन, ऊर्जा, सूचना प्रविधिमा आगामी दशकमा कति र कस्तो जनशक्ति चाहिन्छ भन्ने तथ्य हरेक विद्यार्थीको पहुँचमा हुनुपर्छ । दोस्रो, कुनै विश्वविद्यालय वा कलेजले नयाँ कार्यक्रम र सीट थप्नुअघि त्यसको बजार-आवश्यकता मूल्याङ्कन अनिवार्य हुनुपर्छ । जसरी विकास आयोजनाको वातावरणीय प्रभाव हेरिन्छ, त्यसरी नै शिक्षाको रोजगारी प्रभाव पनि हेरिनुपर्छ । तेस्रो, स्नातकपछि के भयो भनेर पछ्याउने 'ग्राजुएट ट्र्याकिङ' प्रणाली बनोस्, ताकि कुन डिग्रीले कहाँ पुऱ्यायो भन्ने प्रमाण नीतिको आधार बनोस् । चौथो, प्राविधिक र व्यावसायिक शिक्षा 'कमजोर विद्यार्थीको विकल्प' होइन, सम्मानित बाटो बन्नुपर्छ । एउटा दक्ष विद्युतकर्मी वा प्लम्बर बेरोजगार स्नातकभन्दा कम छैन । पाँचौँ, पढेर फर्किने वातावरण बनाइनुपर्छ । जहाँ काम छैन, त्यहाँ कतिसम्म पढाए पनि पलायन रोकिँदैन ।

घरमा खाना पकाउँदा सदस्य गन्ने हामीले देशका लागि जनशक्ति उत्पादन गर्दा किन गन्दैनौँ ? शिक्षा डिग्री बाँड्ने कारखाना होइन, राष्ट्रनिर्माणको योजना हो । योजनाबिना पढाइ भनेको नक्सा नलिई यात्रा सुरु गर्नु हो । यात्रीको हिम्मत त छ, गन्तव्य नै थाहा छैन । अब प्रश्न यो होइन कि हामीले कति जनालाई के के पढायौँ । प्रश्न यो हो कि पढाएकाहरू कहाँ पुगे र देश कहाँ पुग्यो ?

## लघु कथा

# विचौलिया

✍ गङ्गा

छोरी, किन रोएकी ? किन, के भयो ? कपडा पनि हिलाम्मे, रक्ताम्मे र च्याटिएको छ । साथीहरूसित झगडा पऱ्यो कि क्या हो ? साँझ गिट्टी कुटेर घर फर्केकी आमाले सुँक्कसुँक्क रोएर घर आएकी छोरी नम्रतासित सोधिन् । छोरीको बुबा पनि केही कमाउने आशमा अरबमा पसिना बगाउँदै होलान् । अब यहाँ मेरो भन्नु यो छोरीबाहेक को छ र ! गरिब छु, अशिक्षित छु तर इमानमा बाँच्छु ।

विद्यालय छुट्टिपछि जङ्गलको बाटो हुँदै घर फर्केकी छोरी नम्रताले सुँक्कसुँक्क रुँदै यति मात्र भन्न सकिन्, "विद्यालयबाट घर फर्कने क्रममा बाटोमा ३/४ जना गुन्डा केटाहरूले मलाई जबरजस्ती जङ्गलमा लगेर बलात्कार गरे । म चिच्याएँ तर मेरो केही लागेन । तिनीहरू भने गाउँकै ठुलाबडा नेताका सन्तानजस्ता थिए । त्यतिञ्जेल एकजना सुकिला, मुकिला, टाठाबाठा विचौलिया आए ।" उनले गोहीको आँसु चुहाउँदै लोभ र धम्की दिँदै भने, "पुलिसलाई खबर नगर्नु बरु दस बीस हजार कति चाहिन्छ भन्नु, होइन भने गाउँमा बस्नुपर्दैन । उनीहरू भनेका नेता, मन्त्री, सांसद, जमिनदार, धनीका सन्तान हुन्, बुझ्यौ ?"

यतिकैमा गाउँकै जान्ने बुझ्ने, अन्यायविरुद्ध लड्ने एक समाजसेवी आए । उनले के भयो भनेर मात्र के भन्न खोजेका थिए ती विचौलिया कुरा चपाएर केही हराएको जस्तो, कसैले बोलाए जस्तो बहाना गरेर त्यहाँबाट भागे । सबै कुरा बुझेपछि उनले आमा र छोरी दुवैलाई सान्त्वना दिँदै भने, "हिजोआज तिनीहरू अपराध गर्न र त्यसबाट बच्न सबै ठाउँमा यस्ता विचौलियाहरू राख्छन् । उनीहरूको मन्त्रालय, अदालत, पुलिस, अस्पताल सबै ठाउँमा पहुँच हुन्छ । आरोपी र अपराधी पनि हुनुपर्दैन अनि जेल पनि जानुपर्दैन । यस्ता अपराधीहरूलाई मृत्युदण्डको सजाय दिनुपर्छ । भोलि प्रहरी कार्यालयमा जाहेरी दिनुपर्छ । मेरा सहयोग गर्ने वकिल साथीहरू हुनुहुन्छ । सरकार र शासक दलहरूमा यस्ता विचौलिया र अपराधी छन् भनेर समाचार बाहिर आएकै छन् । तिनीहरूको अनुहार नेपाली र पोसाक नेपाली भए पनि विचार र मन भने विदेशी छन् । उनीहरू दलका नेताहरूलाई भिडाउने, जुधाउने अनि विदेशीको स्वार्थ पूरा गर्ने काम गर्छन् । तिनीहरूले गर्दा देश पनि छोरीजस्तै बलात्कृत भएको छ । तिनीहरूलाई जनताको बिचमा ल्याएर नङ्ग्याउनुपर्छ ।" ल रात पनि पऱ्यो भोलि भेटौँला भन्दै उनी आफ्नो घरतिर लागे ।

## कविता

# चल्दैनौ आफैँ तिमी

✍ साहिँला

आखिर शिष्य न हो
खुसी पार्ने पऱ्यो
हजुर मालिकको ।

गुणको बदला गुण
रगतको बदला रगत
दिँदै इमानदारी साथ ।

नयाँ नयाँ अनुहार
काला चश्मे शासक
छैन आखिर फरक ।

इतिहासबाट कलङ्कित
चन्द्रशेखर उपाध्याय
गजराज मिश्रजस्तै ।

सिद्धान्त र विचार
घण्टेको छैन यहाँ
निर्देशन अरूकै ।

बर्बराउँदै छन् त्यही
नेपालले मिच्यो भारत
मोदी साहेब मख्ख ।

अन्त्य भयो बदख्वाइँ
मालिक हजुर भन्दै
वाग्ले पाउ पर्दै ।

साम्राज्यवादी ट्रम्प
मोदी विस्तारवादी
दिँदै छन् स्याबासी ।

कर्तव्यनिष्ठ छन्
तिमी बहादुरी
विश्वास पात्र बनी ।

चल्दैनौ आफै तिमी
कठपुतली बनी
नचलाए कसैले ।

सोच्नु नि नयाँ भन्नेले
देश र जनताको पीडा
अब नबन्नु बिँड ।

# पीडित ज्यामी हाकुसीं दाजु !

✍ न्हुछेरत्न वुद्धाचार्य

सदियौँदेखि अँध्यारो पथमा
आँसु आँसु बगाएर
बाँचिरहेकाहरूको साथमा
शोषण, दासताबाट मुक्त हुन
सङ्घर्ष गरिरहेका
चेतनशील श्रमजीवी !

असिना, घामपानी नभनी परिश्रम गरेर
आफ्नो छाला कालो पारेर
पिठ्युँमा खर्पनको दाग पारी
दु:ख कष्ट भएर बाँचिरहेका
पीडित ज्यामी !

कुटो, कोदालोको पसिना
हजारौँ सिनाज्या र सामाज्याको मोती दाना
असत्य गरी भक्षकहरूले चुसी राखेको
आफ्नो रगत पसिना
फिर्ता लिन विद्रोह गरिरहेका
हाकुसीं दाजु !

तर, यो वर्तमानमा
विरोधको आवाज
गुञ्जिरहेको बस्तीमा
घाउ घाउबाट निस्केको स्वरले
आँखाले देख्छु आँखाको जवाफ
मनमा बिझ्छ, मनको आवाज

अनि, मर्का असन्तुष्टि अभावहरूको
विस्फोटनका मागहरू उठिरहेका हुन्
यो अभावै अभावले घेरिएको बस्तीमा

माटोमा लडिबुडी श्रम गरिरहेकाहरू
पाखा पर्वत चढेर दु:खकष्ट
भोगिरहेकाहरूको
एक एक झुपडीबाट उठेको
दर्द भरिएको करुण आवाजले
परिवर्तनको झिल्को देखापर्छ

अनि प्रत्येक ज्यामीहरूको
तपस्या सपना पूरा गर्न
मुक्तको आवाजले
उन्मुक्त भएर निस्केको शक्तिले

यो सदियौँदेखि
अँध्यारो पथमा
नव जन जागरणको दिन शुभारम्भ भएर
यो धर्ती र आकाशमा उज्यालो हुनेछ ।

# जीवन : एउटा मिठो भ्रम

✍ चिन्तामणि

हामी यस्ता विवेकी मान्छे हौँ,
जसलाई सत्यको तीतो औषधिभन्दा
झूटको गुलियो विष नै मन पर्छ,
वास्तविक जीवनको उकुसमुकुसभन्दा
मञ्चको कृत्रिम अभिनय नै मज्जा लाग्छ,
अनि, नदीको गहिराइमा पसेर मोती खोज्नुभन्दा
किनारको सतहमा उभिएर पानी छ्याप्नु नै सजिलो लाग्छ ।

हो, हामी साँच्चै अनौठा छौँ,
हामीलाई सधैँ उल्टो बाटो हिँड्नुमै
सफलताको आभास हुन्छ !
आफ्नै डम्फू बजाउनुमा नै खास हुन्छ
त्यसैले त,
फूल त अरूका बगैँचामा पनि फुल्छन्,
तर हामीलाई आफ्नै गमलाको फूल मात्र सुगन्धित लाग्छ
बालबच्चा त छिमेकीका पनि बाठा र छरिता हुन्छन्,
तर पालुवामै तीनपाते हुने आजकलको जमानामा
आफ्नो छोराछोरी मात्रै बुद्ध र सीता लाग्छन् ।

हामी तिनै भावकु मान्छे हौँ,
जो सडकमा गुडेका सयौँ गाडीहरूमध्ये
आफ्नै गाडीलाई मात्र सबैभन्दा अगाडि देख्छौँ,
जब एउटा गाडीलाई उछिनेर अघि बढ्छौँ
तब हामीलाई लाग्छ,
अर्को गाडी नगुडेर यात्रुहरूको 'धक्का' मा छ
तर,
देशकै सबभन्दा तीव्र वेग हाम्रै गाडीको चक्कामा छ ।

हामी अझ यतिसम्म बेखबर छौँ कि,
जब समाचारमा सुन्छौँ कसैको मृत्युको खबर,
जब बाटोमा देख्छौँ कसैको मलामी,
हामी चुरोटको धुवाँ उडाउँदै सोच्छौँ,
"मर्ने त अरूहरू पो हुन्,
म त कुनै अमर लोकको बासिन्दा हुँ,
म त कहिल्यै गल्ती गर्दै गर्दिनँ
म त जीवनमा कहिल्यै मर्दै मर्दिनँ...!"

हामी सधैँ छाया पछ्याइरहने अनौठा यात्री हौँ,
जो हातमा बालुवा मुट्ठी पाछौँ र सोच्छौँ,
"मैले त नदीको बगर नै कब्जा गरेँ !"
हामी खुट्टामा साङ्लो बाँधेर चोकमा उभिन्छौँ
र खुब कराउँछौँ,
"हेर,मैले यो देशको हृदयमा स्वतन्त्रताको प्राण भरेँ !"

अन्तत:,
हामीले विपना भनेर अँगालेको दृश्य त,
अन्धकारले कोरेको एउटा कालो चित्र पो रहेछ,
हामीले जिन्दगी भनेर जिउँदै आएको त,
मृगतृष्णाको मरुभूमिमा रचिएको
एउटा मीठो, गहिरो र भ्रामक नाटक पो रहेछ !

# नेतन्याहु र ट्रम्पलाई सजाय !

✍ माया

नेतन्याहु,
यसपालि इजरायलमा
तिम्रो बहुमत पुगेन
यो प्रजातन्त्रविरोधीहरूको हार हो
प्यालेस्टिनमा आमसंहारको
परिणाम हो,
इरानमा बमबारीको नतिजा हो ।

ट्रम्प,
क्युवाविरुद्ध नाकाबन्दी लगाउने
राष्टसङ्घमा तिम्रो प्रस्ताव
असफल भयो ३४ औँ पटक
क्युवाको पक्षमा १३० देश उभिए
संरा अमेरिकी साम्राज्यवादसामु
कहिल्यै नझुक्ने वीर क्युवालीप्रति
विश्वको ऐक्यवद्धता पुन:
दोहोरियो,
किनभने,
भेनेजुयलाका मादुरो दम्पतीलाई
अपहरण गरी न्युयोर्कमा थुनेको,
इरानमा बमबारी गरेको,
प्यालेस्टिनमा नरसंहार गरेको
युक्रेनलाई रुसविरुद्ध लडाएको
तिम्रा अपराधहरूलाई
विश्व जनमतको यो सजाय हो ।

*(२०८३ कार्तिक १३ गते)*

# तीन मुक्तक

✍ सत्यराम कासिछ्वा

अग्रजले गर्दैनन् कहिल्यै गल्तीबिनाको गाली
दुरुत्साहन गऱ्यो भनेर शत्रुले गर्छन् ताली
शत्रुहरू अग्रजको मार्गनिर्देशलाई अपराध मान्छन्
आफ्नै मौलिक अस्तित्व मेटाउन पिट्छन् शत्रुले झ्याली

वर्गीय समानता स्थापितको लागि लडेको त्यो अग्रजको वैभव
समाजवादले जनताको आधारभूत आवश्यकता सम्भव
परिवर्तनको बाधक समय समयमा हुने गर्छ घटनाक्रम
नयाँ भन्दै पुर्खाको गुण बिर्सेमा आफ्नो प्रगति असम्भव

अग्रजको त्याग र तपस्याले स्थापित सर्वसाधारण जनताको सेवा
कहिल्यै आशा गरिएको थिएन व्यक्तिगत स्वार्थपूर्तिको मेवा
गल्तीको सुधारमा सचेत हुनुपर्छ नयाँ पुस्ताको असन्तुष्टि समयमा
समतामूलक आदर्श समाज निर्माणमा चाहिन्छ सबैको टेवामा

# तिहार

✍ जयन्त पौडेल 'आश्रम'

हाम्रो दोस्रो चाड
तिहारै यसपालि पनि
हर्ष उल्लासै सक्दो बोकी
घर घरै आयो ।१।
जानौँ यो पर्वलाई
यम पञ्चकै पनि भनिन्छ
किनभने मनाइन्छ पाँच दिन
आयु नै बढोस् भनी ।२।
यसमा पहिलो दिन काग पुजिन्छ
दोस्रो दिन कुकुर
त्यस्तै तेस्रो दिन गाई
चौथो दिनमा गोरु ।३।
अन्तिम दिन दिदीबहिनीहरूले
दाजु भाइ पुज्छन्
आयु सक्दो बढोस् भनी
त्यस्तै दाजु भाइले पनि ।४।
यो पर्वमा तेस्रो दिन
चेलीहरूले भैलो खेल्छन्
त्यस्तै चौथो दिनमा फेरि
केटाहरूले देउसी खेल्छन् । ५।
यहीँ पर्वलाई दीपावली भनिन्छ
मधेसी समुदायहरूमा
रात उज्यालो पर्व भनिन्छ
सबै कुरा पन्छाई ।६।

## हार्दिक समवेदना



जन्म
१९९८/०२/३१

स्वर्गारोहण
२०८३/०७/११

यस देकोचा गणेश भजन मण्डलका सदस्य **मिश्री दुमरू**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

**देकोचा गणेश भजन मण्डल**
चाँगुरोड-१०, भक्तपुर

## हार्दिक समवेदना



जन्म
१९९८/०२/३१

स्वर्गारोहण
२०८३/०७/११

यस समूहका सदस्य रामकृष्ण दुमरुकी पूजनीय आमा **मिश्री दुमरू**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**१५ गते बचत समूह**
भक्तपुर

## हार्दिक समवेदना



जन्म : २०३४/०६/०९
निधन: २०८३/०७/०८

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ३ नासमना टोल बस्ने यस संस्थाका सदस्यता नं. २३०५ का सदस्य **कृष्णराम कबु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

# शनिबार अपराह्नपछि चक्रवात ‘अर्नब’ को प्रभाव कम हुने

काठमाडौं, १३ कार्तिक । नेपाल मौसम विज्ञान विभागले शनिबार अपराह्नपछि चक्रवात ‘अर्नब’ को प्रभाव र वर्षाको गतिविधि कम हुँदै जाने जनाएको छ । विभागका अनुसार कोसी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई ठाउँमा हल्का वर्षा भइरहेको छ । “शनिबार अपराह्नदेखि भने यसको प्रभाव क्रमिक रूपमा कम हुने भए तापनि स्थान विशेष मौसमसम्बन्धी सूचनामा अद्यावधिक रहनुहोला”, विभागका मौसमविद् डेभिड ढकालले बताउनुभयो ।

उहाँका अनुसार आज दिउँसो र राति देशका अधिकांश स्थानमा वर्षा र हिमपातको सम्भावना रहेको छ । “आज दिउँसो कोसी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका अधिकांश स्थानमा बदली रहनेछ । ती प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा भने मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ”, उहाँले भन्नुभयो ।

विभागका अनुसार राति पनि देशका अधिकांश स्थानमा बदली रहनेछ । सो अवधिमा मध्यम वर्षा तथा हिमपातको सम्भावना छ भने केही स्थानमा भारी वर्षा तथा हिमपात हुनसक्ने पूर्वानुमान गरिएको छ ।

विभागका अनुसार पछिल्लो २४ घण्टामा सबैभन्दा धेरै वर्षा काभ्रेपलाञ्चोक जिल्लाको रोशी मौसम मापन केन्द्रमा ५०.२ मिलिमिटर मापन भएको छ ।

यस अवधिमा कोसी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा सुदूरपश्चिमका एक-दुई स्थानमा हल्का वर्षा भएको विभागले जनाएको छ । ***(रासस)***

## हार्दिक समवेदना



जन्म
१९९८/०२/३१

स्वर्गारोहण
२०८३/०७/११

यस समितिको कार्यसमिति सदस्य नारायणदेवी दुमरुकी ममतामयी सासूआमा **मिश्री दुमरू**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेमकिपा इनाचो चोर्चा एकाइ समिति परिवार**

## हार्दिक समवेदना



जन्म
१९९८/०२/३१

स्वर्गारोहण
२०८३/०७/११

मिश्री दुमरू

यस संस्थाका संस्थापक सदस्य रामकृष्ण दुमरूकी ममतामयी आमा **मिश्री दुमरू**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सञ्चालक समिति**
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर नगरपालिका-७, चोर्चा, भक्तपुर

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित**

## खप माध्यमिक विद्यालय

देकोचा, भक्तपुर, सम्पर्क नं. : ६६१०९३२

### आवश्यकता सम्बन्धमा सूचना

**प्रकाशित मिति : २०८३ कार्तिक १२ गते**

खप मा.वि.को लागि सुरक्षा गार्ड (चौकीदार) र आंशिक विज्ञान प्रयोगशाला सहायक आवश्यक भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले २०८३ कार्तिक १८ गतेभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्र, नागरिकता र राष्ट्रिय परिचयपत्रको प्रतिलिपिसहित विद्यालयले उपलब्ध गराएको फाराम भरी बुझाउन सूचित गरिन्छ ।

| पदको नाम | तह | आवश्यक सङ्ख्या | आवश्यक न्यूनतम योग्यता | प्राथमिकता | फाराम दस्तुर | परीक्षाको किसिम | सेवा |
|---|---|---|---|---|---|---|---|
| सुरक्षा गार्ड (चौकिदार) | श्रेणीविहीन | १ | साधारण लेखपढ | सेक्युरिटी गार्ड सम्बन्धी तालिम प्राप्त/अनुभवी | रु.१०० | अन्तर्वार्ता | करार |
| आंशिक प्रयोगशाला सहायक | तह उल्लेख नभएको | २ | विज्ञान विषय लिई प्लस टु उत्तीर्ण हुनुपर्ने | कार्य अनुभव भएको | रु. १०० | अन्तर्वार्ता | आंशिक |

**नोट** :

१. **उमेर हद** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
२. **फाराम लिने र बुझाउने समय** : बिहान ७ बजेदेखि दिनको ४:०० बजेसम्म ।
३. **सम्पर्क मिति** : कार्तिक १९ गते, बिहीबार १०:०० बजेपछि ।
४. रीत नपुगी वा म्याद नाघी आएको निवेदनउपर कुनै कारबाही हुनेछैन ।
५. विस्तृत जानकारीको लागि विद्यालय प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

## मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं



- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## हार्दिक समवेदना



जन्म
२०१९/०६/२२

स्वर्गारोहण
२०८३/०७/०८

हाम्रा हितैषी मित्र रत्नकाजी वुद्धाचार्यका पूजनीय पिता **प्रेमरत्न वुद्धाचार्य**को दु:खद निधन भएको सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**पासा पुचः परिवार**

| | | | |
|---|---|---|---|
| नवीन बाटी | राजु दुवाल | ज्ञानेन्द्र कायष्ठ | राजेश सुवाल |
| सहदेव बाटी | वीरेन्द्र ताम्राकार | मोतीराम तखाछेँ | डा. कृष्णगोपाल भुजु |
| राजेश दुवाल | समर नापित | श्याम श्रेष्ठ (ठिमी) | कृष्णभक्त दुवाल |
| रामप्रसाद पंच | श्रीभक्त गोठे | रबिन्द्र भुजु | आशकुमार मचामसी |
| राजीव प्रजापति | विषुराम गोठे | राकेश खत्री | ज्ञानेन्द्र प्रजापति |
| राजेश फाँजु | नारायणमान सुवाल | जितेन्द्र पंच | राजेन्द्र लागे |
| कृष्णप्रसाद फाँजु | हिराकाजी श्रेष्ठ | | |

## हार्दिक समवेदना



जन्म
१९९८/०२/३१

स्वर्गारोहण
२०८३/०७/११

मिश्री दुमरू

यस समूहका सदस्य रामकृष्ण दुमरुकी पूजनीय आमा **मिश्री दुमरू**को असामयिक निधन भएको आज चौथो (लक्च) दिनमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शुभप्रभात बचतकोष (जय शम्भो) समूह**

| | | |
|---|---|---|
| कान्छा कासिछ्वा | कृष्णभक्त लवजु | गणेशमान वातांकछि |
| सिद्धिराम प्रजापति | सुन्दर मानन्धर | ज्ञानबहादुर मानन्धर |
| राजेन्द्र दुमरु | बद्रीप्रसाद माक | तुल्सीदास दुमरु |
| कृष्णगोविन्द लाखाजु | कृष्णप्रसाद प्रजापति | लक्ष्मीप्रसाद लाखा |
| शिवराम साँद | विश्वराम लवजु | सीताराम अवाल |
| राजन नापित | कृष्णप्रसाद दुवाल | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा